
# लेखापरीक्षण प्रतिवेदन

# सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बु

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बु

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-५

च.न.:FAR/2080-81/LOC/37

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
सोलुदुधकुण्ड नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
सल्लेरी, सोलुखुम्बु ।

## कैफियतसहितको राय

हामीले सोलदधकण्ड नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भक्तानीको एकीकत वार्षिक प्रतिवेदन, बजेट तलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भक्तानीको एकीकत वार्षिक प्रतिवेदन, बजेट तलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. सोलदधकण्ड नगरपालिकाले आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सत्र) प्रयोगमा रहेको छ । नगरपालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२ करोड ७४ लाख २० हजार, राष्ट्रपति महिला सशक्तिकरण परियोजना रू.२ लाख र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू. १४ लाख समेत रू. १२ करोड ९० लाख २० हजार सुत्र प्रणालीमा आवद्ध हुन सकेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गर्न सकेको छैन ।

२. सोलुदुधकुण्ड नगरपालिकाको रू. १ अरब ५८ करोड २२ लाख ४५ हजारको लेखापरीक्षण गरिएकोमा प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा रू. ५ लाख १२ हजार बेरुजू देखिएको छ । लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि रु.३ लाख ९० हजार बेरुजु प्रतिक्रियाबाट फछ्यौंट भई रु १ लाख २२ हजार बाँकी रहेको छ ।उक्त बेरुजु मध्ये नियमित गर्नुपर्ने रु. १ लाख २२ हजार रहेको छ । गतवर्षसम्म रु. ८ करोड २१ लाख २५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ८ करोड १२ लाख ६७ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन। लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण

ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने सोलुदुधकुण्ड नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, पुंजीगतबाट चालु प्रकृतिका खर्च, वितरणमुखी खर्च, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी सोलुदुधकुण्ड नगरपालिकाको व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्हित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७८ | ५ | ५,११,८९८ | ० | ३ | ३,९०,०९८ | ० | ७८ | २ | १,२१,८०० | ० | १,२१,८०० | ० | ० | ० | १,२१,८०० | ० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सोलुखुम्बु | ८,२१,२५,००० | ० | ९,७९,७२५ | ८,११,४५,२७५ | ० | १,२१,८०० | ८,१२,६७,०७५ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | ४९.२ | वडा भवन निर्माण (ठेक्का नं.४। ०७८।७९) | १,५५,९८० |
| २ | २०७९/८० | ५२ | भेरिएसन स्वीकृत नगरी बढी भुक्तानी | १,३७,३०३ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३ | २०७९/८० | ५६ | बढी दरमा भुक्तानी | ६,८६,४४२ |
| ४ | २०८०/८१ | ४० | बाहाल विटौरी | १४,२३२ |
| ५ | २०८०/८१ | ६१.२ | नया बजार-हाट बजार निर्माण | २,८२,५०० |
| ६ | २०८०/८१ | ५७ | नन्फाइलर | ९३,३६६ |
| जम्मा | | | | १३,६९,८२३ |

# (८०१०९४०१३०० - सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बु )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०५।१७ देखि २०८१ ।०६।१५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. १,५८,२२,४५,३३३.३९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ५,३३,३९५.४७ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| शिर्षक | वापत | दाखिला मिति | राजस्व दाखिला रकम |
|---|---|---|---|
| सामाजिक सुरक्षा | रिभर्स फिड र मृतकलाई भुक्तानी रकम फिर्ता | बेरुजु शिर्षक(१५१११) २०८१।५।३० | २,९७,५८८.०० |
| सामाजिक सुरक्षा | दोहोरो भएका व्यक्तिहरुको रकम फिर्ता | बेरुजु शिर्षक(१५१११) २०८१।६।११ | २,२७,८०७.४७ |
| चालु | आयमा लाग्ने कर | बेरुजु शिर्षक(११४३९) २०८१।६।०९ | ८,०००.०० |
| | | **जम्मा** | ५,३३,३९५.४७ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदनको स्थिती**

२.१ वित्तीय प्रतिवेदन- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः-

१. सोलुदुधकुण्ड नगरपालिकाको एकिकृत आर्थिक विवरण

| क्र.स | आय तर्फ | | | क्रस | व्यय तथा वैक मौज्दात तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम रु | | | विवरण | रकम रु | |
| **1** | **गत वर्षकोजिम्मेवारी** | | **77,065,642.53** | **1** | **चालु तर्फको खर्च** | | **387,194,048.40** |
| | क) सचितकोष | 53,272,593.97 | | | क-नगरपालिका तर्फ | 99,976,677.62 | |
| | ख) धरौटी | 7,085,101.41 | | | ख- सघीयसशर्त अनुदान | 282,431,594.78 | |
| | ग) विविधखर्च खाता /कोष | 9,978,613.94 | | | ग-प्रदेशसरकार शसर्त | 4,785,776.00 | |
| | घ) प्रकोपव्यवस्थापन कोष | 465,330.11 | | | | | |
| | ङ)महिलातथा वाल विकास कोष | 250,000.00 | | **2** | **पूँजीगत तर्फकोखर्च** | | **209,020,281.00** |
| | च) कर्मचारी कल्याण कोष | 6,014,003.10 | | | क-नगरपालिका तर्फ | 162,363,429.00 | |
| | | | | | ख-संघीयशसर्त अनुदान | 12,091,000.00 | |
| **2** | **राजश्व(आन्तरिक आय )** | | **149,658,345.91** | | ग-संघीयसरकार विशेष अनुदान | 7,317,317.00 | |
| | क-आन्तरीककर सेवा शुल्क | **19,533,295.06** | | | घ संघीयसरकार समपुरक अनुदान | 11,971,034.00 | |
| | ख- सघीयराजश्व | **94,302,001.68** | | | ग- प्रदेशसरकार शसर्त | 5,400,000.00 | |
| | ग- प्रदेशसवारी कर | **15,110,275.64** | | | घ- प्रदेशसरकार समपुरक | 9,877,501.00 | |
| | घ-पर्वतरोहण ,विधुत र वन रोयल्टी | **19,797,698.78** | | **3** | **विभिन्न कोष तर्फ** | | **25,167,435.10** |
| | ङ- विभाज्यकोष वाँडफाँट | **915,074.75** | | | क- विविधखर्च खाता/ कोष | 19,287,347.00 | |
| **3** | **वित्तिय हस्तान्तरणसंघ** | | **464,290,351.00** | | ख- प्रकोष व्यवस्थापन कोष | 1,705,000.00 | |
| | क- वित्तियसमानीकरण अनुदान | 118,482,000.00 | | | ग- धरौटी | 1,011,085.00 | |
| | ख-- शसर्तअनुदान | 326,520,000.00 | | | घ-महिला तथा वाल विकास कोष | - | |
| | ग- समपुरकअनुदान | 11,971,034.00 | | | ङ-कर्मचारी कल्याण कोष | 3,164,003.10 | |
| | घ- विशेषअनुदान | 7,317,317.00 | | | | | |
| **4** | **प्रदेश सरकारवाटप्राप्त अनुदान** | | **29,294,501.00** | **4** | **अन्तर स्थानीय तहवाट प्राप्त** | | **129,320,965.00** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क.वित्तीयसमानीकरण | 8,083,000.00 | | | क- सामाजिकसुरक्षा | 127,420,965.00 | |
| | ख. शशर्तअनुदान | 11,334,000.00 | | | ख-स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम | 1,400,000.00 | |
| | ग- समपुरकअनुदान | 9,877,501.00 | | | ग-राष्ट्रपतिमहिला उत्थान कार्यक्रम | 500,000.00 | |
| | **अन्तर स्थानीय तहवाटप्राप्त** | | **129,320,965.00** | **5** | **अनुदान फिर्ता** | | **33,145,629.22** |
| | क- सामाजिकसुरक्षा | 127,420,965.00 | | | क- सघीयसरकार अनुदान फिर्ता | 31,997,405.22 | |
| **5** | ख-स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम | 1,400,000.00 | | | ख-- प्रदेशसरकार अनुदान फिर्ता | 1,148,224.00 | |
| | ग-राष्ट्रपतिमहिला उत्थान कार्यक्रम | 500,000.00 | | **6** | **वैक मौज्दात तर्फ** | | **91,614,258.48** |
| | **विभिन्न कोष तर्फकोजम्मा** | | **25,832,811.76** | | क) सचितकोष | 67,155,833.26 | |
| | क- विविधखर्च खाता/कोष | 17,108,070.17 | | | ख)धरौटी | 10,248,538.96 | |
| **6** | ख- प्रकोष व्यवस्थापन कोष | 1,700,000.00 | | | ग) विविधखर्च खाता / कोष | 7,799,337.11 | |
| | ग- धरौटी | 4,174,522.55 | | | घ) प्रकोपव्यवस्थापन कोष | 460,330.11 | |
| | घ-कर्मचारी कल्याण कोष | 2,800,219.04 | | | ङ)महिलातथा वाल विकास कोष | 300,000.00 | |
| | ङ- महिला तथा वाल वाल विकास कोष | 50,000.00 | | | च)कर्मचारी कल्याण कोष | 5,650,219.04 | |
| **कुल जम्मा** | | | **875,462,617.20** | | | | **875,462,617.20** |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ वित्तीय विवरणको यथार्थता- पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले निम्न शिर्षकहरु सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| सि.न. | शिर्षक | बजेट | खर्च |
|---|---|---|---|
| १ | ३१४०१०१२३- सामाजिक सुरक्षा तथा सरंक्षण | १२७७२४५२०.०० | १२७४२०९६५.०० |
| ३ | ३४०००१०५३- राष्ट्रपति महिला सशक्तिकरण परियोजना | २०००००.०० | २०००००.०० |
| ४ | ३७०००११४३- स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १४०००००.०० | १४०००००.०० |
| जम्मा | | १२९३२४५२०.०० | १२९०२०९६५.०० |

२.३ फरक हिसाब- यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रू. ०.०० , यस वर्षको प्राप्ति रू.१८८२९७३३२.७७, यस वर्षको भुक्तानी रू.१८,७६,३४,०२९.३२ र बैङ्क मौज्दात रू. ०.०० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ७,७०,६५,६४२.५३ | ६१,००,९९,६४१.९० | ५९,६२,१४,३२९.४० | ९१६३१३३१.६९ |
| एकीकृत आर्थिक विवरणअनुसार | ७,७०,६५,६४२.५३ | ७९,८३,९६,९७४.६७ | ७८,३८,४८,३५८.७२ | ९१६३१३३१.६९ |
| फरक | ०.०० | १८८२९७३३२.७७ | १८,७६,३४,०२९.३२ | ०.०० |

२.४ फरक जिम्मेवारी- पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.७,३९,१५,७१२.६४ मौज्दात रहेकोमा यो वर्ष रु.७,७०,६५,६४२.५३ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.३१,४९,९२९.८९ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ ।

२.५ बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम बैँक खाता र श्रेस्ताको कारोबारको फरकलाई पुष्टी गर्ने बैँक हिसाब मिलान बिवरण(म.ले.प.फा.न.२१२) फरक देखिएन । पालिकाले देहाय बमोजिम श्रेस्ता अनुसार अषाढ मसान्तको मौज्दात रु. ९१६१६३३१.६९ देखिएकोमा सो अवधिमा बैँक अनुसार बैँक मौज्दात रु. ९१६१६३३१.६९ देखिएको छ ।

| सकेंत | खाताको प्रकार | स्रेस्ता अनुसार बाँकी रू. | बैंक अनुसार बाँकी रू. | फरक |
|---|---|---|---|---|
| ग १.१ | आन्तरिक राजस्वखाता | ० | ० | ० |
| ग १.२ | बाँडफाँडबाटप्राप्त राजस्व खाता | ० | ० | ० |
| ग १.३ | आन्तरिकअनुदान खाता | ० | ० | ० |
| ग ६.१ | स्थानीयतह विभाज्य कोष खाता | ० | ० | ० |
| ग ४.१ | स्थानीयतह सञ्चित कोष खाता | ६,७१,५७,९०६.४७ | ६,७१,५७,९०६.४७ | ० |
| ग ३.१ | स्थानीयतह धरौटी खाता | १,०२,४८,५३८.९६ | १,०२,४८,५३८.९६ | ० |
| ग २.१ | चालूखर्च खाता- विजोर वर्ष | ० | ० | ० |
| ग २.२ | चालूखर्च खाता- जोर वर्ष | ० | ० | ० |
| ग २.३ | पूँजिगतखर्च खाता- विजोर वर्ष | ० | ० | ० |
| ग २.४ | पुँजीगतखर्च खाता- जोर वर्ष | ० | ० | ० |
| ग २.७ | विविधखर्च खाता | ७७,९९,३३७.११ | ७७,९९,३३७.११ | ० |
| ग ५.१ | स्थानीयतह विविध कोष खाता | ५९,५०,२१९.०४ | ५९,५०,२१९.०४ | ० |
| ग ७.२ | स्थानीयतह प्रकोप व्यवस्थापन कोष खाता | ४,७५,३३०.११ | ४,७५,३३०.११ | ० |
| **जम्मा** | | ९१६३१३३१.६९ | ९१६३१३३१.६९ | ० |

## ३ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।०३।१० मा रु. ७४ करोड ८० लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।३० मा पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरि सक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

## ४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरी तयार गर्नुपर्ने व्यबस्था रहेको छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथी विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा परीक्षण गर्दा नगरपालिकाले एक आर्थिक बर्ष भित्र भएको आर्थिक कारोबारको अनुसुची ११ बमोजिमको ढाँचामा बार्षिक प्रतिवेदन तयार नगरेको, अन्तरसरकारी वित्त व्यबस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार नगरेको, दीगो बिकास लक्ष्य पुरा गर्न वातावरण सँरक्षण लगायत आन्तरिकीकरणको लागि एकिकृत दीर्घकालिन योजना तयार नगरेको, पालिका स्तरको सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको, सार्वजनिक खरिद ऐन, २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु

योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको, नगरपालिकाले विगतमा परामर्शदाताबाट बिस्तृत परियोजना प्रतिवेदन तयार गरकोमा सोको कार्यान्वयन र अध्यावधिक अभिलेख नराखेको, नगरपालिकाले आफ्नो क्षेत्रभित्रका बिद्यालय अनुगमन गर्न मापदण्ड तयार नगरेको, बिद्यालय अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यबस्था नरहेको, कार्यालयले उदेश्य प्राप्तीमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको, म.ले.प फाराम ८०१ देखि ८०५ सम्मका लेखा परीक्षण तथा बेरुजु व्यबस्थापन सम्बन्धी फारामहरु अभिलेख नराखेको, मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाँउ विकास समिति तथा व्यक्तिगत नाममा रहेको पेश्की तथा बेरुजु र कोष तथा खातामा बाँकी रहेको रकम नगरपालिकामा जिम्मेवार सारेको र नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु संम्परीक्षण कार्य गरेको अभिलेख नराखेको र जिन्सी निरीक्षण गरेता पनि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(१) अनुसारको प्रतिवेदन नगरेको लगायतका व्यहोरा देखिएकोले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यबस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

५ **सेवा प्रवाह**

कार्यालयको मूख्य उदेश्य हासिल गर्न सेवाग्रहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । पालिकाले यस बर्ष आर्थिक, सामाजिक र पुर्वाधार विकासका अतिरिक्त नियमित सेवातर्फ नागरिकता सिफारिस ९४८, घरबाटो सिफारिस ५१९, नाता प्रमाणित ५५२, जन्म, मृत्यु र दर्ता १३६० अन्य सेवा ६९८४ लगायतका सेवा प्रवाह गरेको विवरण पेश गरेको छ । पालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरी र प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

६ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसीता दाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

७ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्यस्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

८ **आन्तरिक आयको स्थिति**

८.१ आय अनुमान- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवाशुल्क, दस्तुर वापत अनुमानित रू.१,८३,२५,८१६.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रू.१,९५,३३,२९५.०० अर्थात अनुमान भन्दा ६.६ प्रतिशत बढी आय प्राप्त गरेको छ।आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

८.२

आन्तरिक आय- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४६३१९५१८७.७८ | १९५३३२९५.०० | ४.२ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दे आन्तरिक आय बृद्धि गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८.३ व्यवसाय कर- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय कर शिर्षकमा रू.१५९७०५१.०० कर सङ्कलन गरेको देखिन्छ ।पालिकाको क्षेत्र भित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ ।

## ९ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | कुल खर्चको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास क्षेत्र | ३३१८००००.०० | २०१७१७३४.०० | ३.३८ |
| २ | सामाजिक क्षेत्र | ३९०६१२०००.०० | ३३८३९९९९.९० | ५६.७६ |
| ३ | पूर्वाधार विकास क्षेत्र | १९९९४२०००.०० | १३६१८५९०५.०० | २२.८४ |
| ४ | वातावरण तथा विपद् व्यबस्थापन | ५५००००.०० | ५५००००.०० | ०.९२२ |
| ५ | संस्थागत विकास र सेवा प्रवाह | ५२०६३२०.०० | ३३३९५१७.२७ | ०.५६ |
| ६ | वित्तीय व्यवस्थापन र सुशासन | | | |
| ७ | कार्यसञ्चालन तथा प्रशासनिक खर्च | ११३५६३०९०.०० | ९२६१७१७३.२३ | १५.५३ |
| **जम्मा** | | **७४८००३४१०.००** | **५९६२१४३२९.४०** | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये संस्थागत विकास र सेवा प्रवाह सबै भन्दा घटी ०.५६ प्रतिशत र सामाजिक विकास सबै भन्दा बढी ५६.७६ प्रतिशत रहेको छ ।

## १० त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ।पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| क्र.सं | बजेट शिर्षक उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथमत्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| १ | संघीय समानीकरण | 101783427.00 | 0.00 | 9231926.00 | 37905613.00 | 54645888.00 | 36510149.00 |
| २ | प्रदेशसमानीकरण | 4883990.00 | 0.00 | 1364000.00 | 952500.00 | 2567490.00 | 1545500.00 |
| ३ | आन्तरीकस्रोत | 47879902.00 | 6501654.00 | 4939009.00 | 7730347.00 | 28708892.00 | 22717280.00 |
| ४ | राजश्ववाँडफाँट | 7816110.00 | 194467.00 | 1198790.00 | 1448000.00 | 4974853.00 | 1452853.00 |
| ५ | संघीयहस्तान्तरीत | 12091000.00 | 0.00 | 0.00 | 1223000.00 | 10868000.00 | 8084806.00 |
| ६ | संघीय विशेष अनुदान | 7317317.00 | 0.00 | 0.00 | 546000.00 | 6771317.00 | 2034620.00 |
| ७ | संघीय समपुरकअनुदान | 11971034.00 | 0.00 | 0.00 | 2610804.00 | 9360230.00 | 7446230.00 |
| ८ | प्रदेश शसर्त | 5400000.00 | 0.00 | 0.00 | 1913760.00 | 3486240.00 | 400000.00 |
| ९ | प्रदेश समपुरक | 9877501.00 | 0.00 | 1340000.00 | 4109000.00 | 4428501.00 | 4428501.00 |
| **जम्मा** | | **209020281.00** | **6696121.00** | **18073725.00** | **58439024.00** | **125811411.00** | **84619939.00** |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रू.२०९०२०२८१.०० निकासा\खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.६६९६१२१.००(३.२ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१८०७३७२५.००(८.६४ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. ५८४३९०२४.०० (२७.९५ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरीनै चौथो त्रैमासिकमा रु. १२५८११४११.००(६०.१९ प्रतिशत) र अषाढमा महिनामा रु. ८४६१९९३९.००(२६.१३ प्रतिशत) मात्र खर्च देखिनुले चौथो त्रैमासिक र अषाढ महिनामा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन।स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

११ **खर्च बिश्लेषण**

पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट र राजस्व बाँडफाँडबाट रू.१४,९६,५८,३४५.९१ र अनुदानबाट रू.६२,२९,०५,८१७.०० समेत रु. ७७,२५,६४,१६२.९१ आम्दानी भएकोमा चालु तर्फ रु.३८,७१,९४,०४८.४० र पूँजिगत तर्फ रु.२०,९०,२०,२८१.०० समेत रु.५९,६२,१४,३२९.४० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.२७ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू.९२६७०००.०० खर्च भएको छ जुन आन्तरिक आयको ४७.४४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५०.१२ प्रतिशत चालु र २७.०५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१२ **सुधार हुनुपर्ने सैद्धान्तिक व्यहोरा**

१२.१ रकमान्तर- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत बार्षिक बजेटको अधिमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यबस्था रहेको छ ।साथै पालिकाको विनियोजन ऐन, २०८० को दफा ३(२)मा समेत रकमान्तर सम्बन्धि व्यवस्था गरिएको छ ।पालिकाले यस बर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट पूँजिगत शीर्षकमा रू.२२३४३०००.०० र चालु शीर्षकमा रू. ४१३७६४०.०० गरी जम्मा रू.२६४८०६४०.०० रकमान्तर गरेको छ । उक्त रकम शुरु बजेटको तुलनामा ३.४५ प्रतिशत हुन्छ ।यसरी बजेट रकमान्तर गरी खर्च गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

१२.२ कानून र सञ्चालन स्थिति- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्य विधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ८ वटा ऐन, ० वटा नियमावली, ३० कार्य विधि तथा २ निर्देशिका र १ नम्स गरी ४१ वटा कानुन निर्माण गरी कार्यान्वियनमा ल्याएको छ । पालिकाले ४१ वटा कानूनहरु निर्माण गरी सभा\कार्यपालिकाबाट स्वीकृत गरेता पनि उक्त कानूनहरु मध्ये सबै कानुनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनुपर्दछ।

१२.३ न्यायिक समिति- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार गत वर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो वर्ष ५ मुद्दा तथा विवाद दर्ता भएकोमा ५ वटा मात्र फर्स्यौट भई १ बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।

१२.४ सहकारी नियमन- सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली(COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र २५ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली(COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१२.५ सार्वजनिक परीक्षण- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफ देहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

१२.६ फोहरमैला व्यवस्थापन - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

## १३ करार कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवशयकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सङ्गठन सरँचना कायम हुने साथै सोही ऐनको दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैंचे लगायत पदमा करार सेवामा कर्मचारी राख्न सक्ने उल्लेख छ। नगरसभाबाट स्वीकृत भएको सङ्गगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार प्रमुख प्रशासकिय अधिकृत सहित ६६ जनाको दरबन्दी स्वीकृत रहेकोमा ३१ जना मात्र पदपुर्ति भई ३५ पद रिक्त

रहेकोमा ३२ जना करार कर्मचारी राखी वर्षभरिमा जम्मा रु.१,३२,०८,९७५/-भुक्तानी देखियो। ऐनले तोकेको पद बाहेक इन्जिनियर १,असिस्टेण्ट सव.इन्जिनियर३, जनालाई करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी राखि रु १९२२४७२।- खर्च लेखेको पाइयो । कार्यालयले O & M सर्वे गरी प्रदेश लोक सेवा आयोगमा पदपूर्तिको लागी लेखी पठाएकोमा हाल सम्म नियुक्तिको लागी सिफारिस भएर आएको देखिएन ।

## १४ कर्मचारी कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनको लागि खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ। नगरपालिकाले २०७६ श्रावण पछि नियुक्त कर्मचारीको हकमा निजको तलबबाट ६ प्रतिशत कट्टा र सोही बराबर थप गरी योगदानमा आधारित निवृत्तिभरण कोषमा जम्मा गरे तापनि अन्य कर्मचारीको हकमा ऐन बमोजिमको रकम कट्टा गरी अवकास कोषमा जम्मा गर्ने गरेको पाइएन। पालिकाले कर्मचारी कल्याण कोष कार्यविधि, २०७९ तयार गरी यस वर्ष नगरपालिका चालु शिर्षकबाट कर्मचारी कल्याण कोषमा रु. १५,००,०००/- ट्रान्सफर गरेको पाइयो ।पालिकाले एकमुष्ठ रकम कोषमा जम्मा गरे तापनि कर्मचारीबाट कट्टा गर्नु पर्ने रकम कट्टा गरेको देखिएन । साथै जम्मा गरेको रकम परिचालन गरी कोष वृद्धि गर्न सो रकमको परीचालन सम्बन्धी व्यवस्था गरेको देखिएन । कर्मचारी कल्याण कोषमा ऐन अनुसार कर्मचारीको समेत योगदान हुने व्यवस्था गरी कोष परिचालन सम्बन्धी व्यवस्था समेत मिलाउनु पर्दछ ।

## १५ आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले विभिन्न व्यक्तिहरुलाई ५हजार देखी २५ हजारका दरले रु ५५५०००। आर्थिक सहायता वितरण गरेको छ।पालिकाले विगत बर्षहरुमा पनि आर्थिक सहायता वितरण गरेकोमा सो को विवरण तयर गरेको पाइएन।आर्थिक सहायता वितरणको अभिलेख राखी दोहोरो नपर्ने गरि आर्थिक सहायता वितरण गर्नु पर्दछ ।

## १६ नापी किताब

निर्माण कार्यको विस्तृत अभिलेखाकंनका लागि स्वीकृत ढांचाको नापी किताबमा ठेक्का नम्बर आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकमसमेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यवस्था छ ।पालिकाले अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिलअनुसार नापी किताब लुज सिटमा तयार गरेको पाइयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी ठेक्का बिलअनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्थाअनुसार आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न सहज हुने हुँदा अभिलेख राखी स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याउनुपर्दछ ।

## १७ बजेट अवण्डा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष रु.३८,५०,०००.०० अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजनामा खर्च गरेको छ।बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ । अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वियन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्र सं | योजनाको नाम | बजेट / खर्च |
|---|---|---|
| १ | विपद् तथा भैपरी आउने योजना वडा नं.३ | ३०००००.०० |
| २ | समपुरक कोष वडा नं. ४ | ४०००००.०० |
| ३ | भैपरी योजना वडा भित्रका सरोकारका विभिन्न विषयमा अन्तरक्रिया, सेमिना, गोष्ठी तथा तालिम कार्यक्रम संचालन वडा नं.५ | ३०००००.०० |
| ४ | विपद् व्यबस्थापन तथा आकस्मिक कोष वडा नं. ५ | ३२००००.०० |
| ५ | भैपरी आउने वडा नं.६ | १०००००.०० |
| ६ | विपद् व्यबस्थापन तथा आकस्मिक कोष वडा नं.७ | २०००००.०० |
| ७ | भैपरी आउने योजना वडा नं. ७ | ३०००००.०० |
| ८ | विपद् व्यबस्थापन वडा नं. ८ | ३०००००.०० |
| ९ | विपद् व्यबस्थापन वडा नं. ९ | ८००००.०० |
| १० | भैपरी योजना कार्य वडा नं. | ५५००००.०० |
| ११ | विपद् कोष | १००००००.०० |
| जम्मा | | ३८५००००.०० |

१८ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.२०,९०,२०,२८१.०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरु योजना नबनाई खरिद कार्य गरेको देखियो । अतःपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१९ **ठेक्का अभिलेख तथा व्यवस्था**

१९.१ ठेक्का अभिलेख- सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१९.२ ठेक्का व्यवस्था- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माणका योजनाहरु कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ०.३३ देखि ४६.३८ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समानै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित

गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| **क्र.सं.** | **योजनाको विवरण** | **ठेक्का नं.** | **बोलपत्रदाता** | **लागत अनुमान** | **सम्झौता रकम** | **घटी प्रतिशत** |
|---|---|---|---|---|---|---|
| १ | Naya bazar hatt bazar construction work | 01-NCB-SDM-2080/81 | Dendhup Dhanlaxmi JV | २१३७६८२८.०० | १५२९३४९३.०० | २८.४५ |
| २ | Tumbuk-Taktor-Lamajura road Upgrading work | 02-NCB-SDM-2080/81 | NS Construction | २७५११५१३.०० | १४७५१०४४.०० | ४६.३८ |
| ३ | Dumping site construction work | 03-NCB-SDM-2080/81 | RP construction | ४९९४६५७.०० | ४९७७३४५.०० | ०.३४ |
| ४ | Jan Jagriti Playground construction work | 04-NCB-SDM-2080/81 | Shresth construction | ३००३९५१.०० | २९९४०००.०० | ०.३३ |
| ५ | Tingala milk collection center construction work | 05-NCB-SDM-2080/81 | Galaxy Construction and suppliers company | ९७५२७१०.०० | ५४६३८०५.०० | ४३.९७ |
| ६ | Phaplu-salleri-Dorpu water supply construction work | 06-Works-NCB-SDM-2080/81 | Himal construction | १५९९५९७८.०० | ९६८८४०२.०० | ३९.४३ |
| ७ | Pangkarma-Chatukpa-Tallo Jogara-Bhitta khola and chiwang khola fabrication parts | 01-Goods-NCB-SDM-2080-81 | Junkiri Industries | ३८२२१४१.०० | ३३८६२३८.०० | ११.४० |

## २० **योजना प्राथमिकिकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ११ वडाको लागि वडागत र पालिकास्तरका कुल १७७ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ७३ | २ | ५६ | १५ |
| २. | वडास्तरीय | १०४ | २ | ८ | ९४ |
| जम्मा | | १७७ | ४ | ६४ | १०९ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १७७ योजना कार्यान्वियन भएका छन्। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

२१ **परामर्स तथा डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क्र.सं | नाम कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | अध्ययनवाट निर्धारण भएका आयोजनाको लागत | कार्यान्वियन भए / नभएको |
|---|---|---|---|---|---|---|
| **गत वर्षको** | | | | | | |
| १ | वडा कार्यालयभवन ५वटा | वोन्डर्सअर्टेक प्रा.लि नरेफाँट काठमाण्डौं | 2000000 | 1949589 | 196241644.9 | ३ वडाकार्यालयको ठेक्का भइ सम्झौता समेत भएको |
| २ | नगरपालिकाभवन | सार्थक इन्जिनियरीङ कन्सल्टेन्सी प्रा.लि वानेश्वर काठमाण्डौं | 2000000 | 1799412 | 157097658.6 | ठेक्काप्रक्रिया भइ सकेको |
| ३ | सल्लेरीसिलगुढी डाँडा सडक पिच | पार्टिनेट इन्जिनियरीङ कन्सल्टेन्सी प्रा.लि ललितपुर | 1000000 | 491211 | 688097465.7 | ठेक्काभइ कार्य भै रहेको |
| **यो बर्षको** | | | | | | |
| १ | जन्तरधापखाम्दीङ सोल्नासा सडक | सार्थक इन्जिनियरीङ कन्सल्टेन्सी | 1889465.00 | 1889465.00 | 72239288.13 | कार्यन्वयन बाकी |
| २ | छिनाक्पुराल्गाङ्गे सडक | प्रोस्पेक्ट इन्जिनियरीङ कन्सल्टेन्सी प्रा.लि | 1020834 | 1020834 | 40846324.88 | कार्यन्वयन बाकी |
| ३ | सिंहकालीमन्दीर र टिम्वुरबोटे शहिद स्मृति पार्क निर्माण | भूमि इन्जिनियरीङ कन्सोटिएम | 1803480 | 1803480 | 104187466.3 | कार्यन्वयन बाकी |
| ४ | जुनवेशीर नुन्थला वजार व्यवस्थापन | इ क्याच इन्जिनियरीङ कन्सल्टेन्सी प्रा.लि | 1481995 | 1481995 | 38880419.95 | कार्यन्वयनभएको |
| ५ | तिंगलास्वास्थ्य चौकी भवन निर्माण | डिजाइन एसोसिएट प्रा.लि | 1181980 | 1181980 | 38057471.02 | कार्यन्वयनभएको |
| ६ | घरभवनको नयाँ नक्शा तथा डिजाइन तयारी | इभरिन कन्सल्टेन्सी | 941606 | 941606 | 0 | कार्यन्वयनभएको |

· यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन।

· डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

· साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

२२ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यस निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ ।

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | | नखुलेको | | |
| **सवारी साधन (रु.१ लाखभन्दा बढी)** | | | | |
| जीप | | १ | ४००००००.०० | |
| मोटरसाइकल | | ११ | | |
| टिप्पर | | ३ | ४४५०००००.०० | यस आ.ब.मा खरिद गरिएको १ टिप्परको मुल्य |
| स्कुटर | | ३ | | |
| **उपकरण (रु.१ लाखभन्दा बढी)** | | | | |
| जे.सी.बि | | १ | ४४००००००.०० | |
| डोजर | | १ | १४४००००००.०० | |
| रोलर | | १ | ३९००००००.०० | |
| अतिक्रमणमा परेको जग्गा | | नखुलेको | | |
| अतिक्रमण हटाउन गरेको प्रयास | | नखुलेको | | |

२३ **जिन्सी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

· नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

· जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

२४ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको सुत्रको विवरण अनुसार विविध खर्चमा पालिकाले रु. १४,१६,११७/- खर्च गरेको पाइयो ।पालिकाले विविध खर्च लेख्दा प्रयोजन नखुलाई पालिका अन्तर्गत चमेना गृहका अतिरिक्त विभिन्न होटल तथा रेस्टुराँको बिल भरपाई संलग्न गरी खाना खाजा लगायतमा खर्च गर्ने गरेको पाइयो।पालिकाले मितव्ययी रुपमा विविध खर्च गर्दै यस्ता खर्च नियन्त्रण गर्नुपर्दछ ।

२५ **इन्धन खर्च**

सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को सिलसिलामा खर्च गर्दा कार्यालय सामान, मसलन्द, पानी, बिजुली, इन्धन जस्ता खर्चमा मितव्ययीता कायम हुने गरी खर्च गर्नुपर्ने उल्लेख छ । त्यसैगरी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन

अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ ।कार्यालयले यस बर्ष व्याकहो लोडर १, एक्जाभेटर १, रोलर २ र ट्रिपर ४ मा रु. ९९५७७७८।- र जिप ३, एम्वुलेन्स ३, दमकल १ र मोटरसाइकल १७ मा रु. १२७०१०८।- समेत रु.१,१२,२७,८८६।- इन्धन खर्च लेखेको पाइयो । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष कार्यालय प्रयोजनार्थ रु. ९९,८४,१८८/- र नपुग इन्धनमा रु. १२,४३,६९८/- गरी कुल रु. १,१२,२७,८८६/- इन्धन खर्च गरेको छ ।उक्त इन्धन खर्च कुल खर्च रु ७८,३८,४८,२५८।- को १.४३ प्रतिशत हुन आउछ। कार्यालयले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन ।अतः इन्धन खर्चलाई नियन्त्रण तथा मितव्ययी बनाउन कोटा निर्धारण गरी खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ।

### २६ विद्यालय अनुगमन

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वौकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धि मापदण्ड निर्धारण गरेको छैन र आफ्नो मादहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरेको देखिएन । कार्यालयले अनुगमन सम्बन्धि निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाइ प्रभावकारी वनाउन तथा शैक्षिक गुणस्तर बृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्थापन गर्नु पर्दछ ।

### २७ निशुल्क पाठ्यपुस्तक

कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्ने तथा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० कालागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने व्यवस्था छ । साथै यसरी अनुदान दिँदा पहिलो पटकमाविद्यार्थी सङ्ख्याको ७५ प्रतिशत लाई मात्र अनुदान दिने तथा शैक्षिक सत्रमा भएको नयाँविद्यालय भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरीनपुग हुने रकम मात्र दोश्रो पटक अनुदान दिने व्यवस्था छ । पालिकाले पहिलो पटक निकासा रु२१२९८३७ ।०० विभिन्न६० विद्यालयको नाममा पठाएको छ । दोस्रो पटक निकासा गर्दा शैक्षिक सत्रमा भएको नयाँविद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको भरपाईको आधारमा यकिन गरेरमात्र निकासा दिनु पर्नेमा यकिननै नगरी विद्यालयहरुको नाममा पाठ्यपुस्तकको लागि रु ७७१२९८।०० निकासागरिएको छ। पाठ्यपुस्तक खरिद गरी IEMIS प्रणालीमा व्यवस्थितविद्यार्थीहरुलाई वितरण गरे नगरेको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गरिनुपर्दछ ।

### २८ दिवा खाजा

कार्यक्रम कार्यान्वन पुस्तिका २०८०।०८१ अनुसार स्थानीय तहले विद्यालयमा प्रत्यक्ष कक्षा संचालनमा रहेका दिनका लागि मात्र सामुदायिक विद्यालयमा प्रारम्भिक वाल विकास कक्षा देखि कक्षा ६ सम्म अध्ययनरत वालबालिकाहरुका लागि उपलव्ध गराउन विद्यालयगत तथ्यांकका आधारमा प्रतिविद्यार्थी दैनिक रु १५ का दरले १८० दिनका लागि विद्यालय संचालन भएको दिनलाई मात्र आधार मानेर अनुदान व्यवस्था मिलाउने व्यवस्था रहेको छ। स्थानीय तहले दिवा खाजामा उपलव्ध गराईएकाविद्यार्थीहरुको दैनिक हाजिर पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विव्यास अध्यक्षबाट प्रमाणीत गराईस्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप अनुदानदिने व्यवस्था मिलाउने तेश्रो त्रैमासिकको निकासा गर्दा पहिलो र दोश्रो त्रैमासिकमा निकासा भएको रकम सदुपयोगको सुनिश्चित गर्नुपर्दछ। पालिकाले यसवर्ष दिवा खाजा वापत६० विद्यालयलाई रु ६७०८६४५।०० भुक्तानीदिएको छ। पालिकाले दिवा खाजाकोमेनुमा एकरुपता तथा खर्चको सदुपयोगको सम्बन्धमा पालिकाबाटअनुगमन गर्नुपर्दछ।

### २९ शिक्षक दरबन्दी र पदपुर्ति

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ६० सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं

विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

| विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या | विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| विभिन्न ६० विद्यालय | ३१७ | ३१७ | ३७ | ७३१७ | २३ |

उपरोक्त शिक्षक दरबन्दी र पदपुर्ति एवम् विधार्थी सङख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा २३ जना विद्यार्थी पढाउनु पर्ने अवस्था देखिएको, विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी बढी भएको देखिदा नगरपालिकाले शिक्षक दरवन्दी मिलानको कार्य यथाशीघ्र अगाडि बढाउनु पर्ने देखिन्छ ।

### ३० स्यानिटरी प्याड

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ३३१४ जना रहेका छन। पालिकाले १०८६५ थान स्यानिटरी प्याड रु ९,९९,५०७।०० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ।खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

### ३१ औषधि व्यवस्थापन

यस कार्यालयबाट खरिद भएका ५ प्रकारका औषधिको प्राप्ती, उपयोग र मौज्दातको स्थितिको परीक्षण गर्दा देखिएको व्यहोरा देहायबमोजिम रहेको छ ।

| औषधिको नाम | गत बर्षको मौज्दात | पालिकाबाट खरिद | स्वास्थ्य कार्यालयबा प्राप्त | जम्मा आम्दानी | खर्च | बाँकी मौज्दात |
|---|---|---|---|---|---|---|
| Tab paracetamol 500mg | 15000 | 65000 | 55000 | 135000 | 109850 | 25150 |
| Tab Amlodipine 5mg | 4000 | 73000 | 26500 | 103500 | 93295 | 10205 |
| Chlorpheniramine 4mg | 25000 | 19500 | 0 | 44500 | 32250 | 12250 |
| Amoxycillin 500mg | 15000 | 40000 | 0 | 55000 | 34550 | 20450 |
| Metronidazole 400mg | 14000 | 10000 | 19000 | 43000 | 25100 | 17900 |

औषधिको मौज्दात प्रणाली स्तरीय हुन सो को प्राप्ती र निकासा विच सन्तुलन कायम रहनु पर्दछ । Authorized stock level, Emergency order point औषधि प्राप्त हुने समय, Load time maximum consumption आइटम, Minimum Consumption आइटमको आधारमा खरिद प्राप्ति एवं मौज्दात अवस्थाको निर्धारण गर्नुपर्नेमा गरेको छैन । आवश्यकताको आधारमा खरिद र प्राप्ति प्रकृया निर्धारण नगरेको हुँदा मौज्दातको अवस्था अधिकतम रुपले त्रुटि एवं बढी समेत देखिन सक्छ । साथै मौज्दातमा अधिक औषधि रहँदा म्याद समाप्त हुन सक्ने र सेवा प्रवाहमा असर हुने सम्भावना रहेकोले औषधिको माग पहिचान गरी खरिद र खर्च विच सन्तुलन कायम गर्न पर्दछ, भने जनतालाई निशुल्क स्वास्थ्य सेवा पुर्‍याउने तर्फ ध्यान दिनुपर्दछ।

### ३२ औषधी खरिद

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले रु २१२४४००।०० को औषधि खरिद गरेको देखिन्छ। पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

### ३३ करूणा फाउन्डेसनतर्फ

अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सञ्चालनका लागि नगरपालिका, प्रदेश सरकार र करूणा फाउण्डेसन, नेपालबीच भएको सम्झौता बमोजिम खर्च रकममध्ये करूणा फाउण्डेसन, नगरपालिका र सामाजिक विकास मन्त्रालय, कोसी प्रदेशले एक एक तिहाइ रकम व्यहोर्ने व्यवस्था छ । यस आर्थिक वर्षमा करुणा फाउण्डेशनबाट रु. ८९३११६।००, प्रदेशबाट रु ८९३११६।०० र पालिकाबाट रु.८९३११६।०० समेत गरी जम्मा खर्च रकम रू. २६७९३४८।०० भएको छ । पालिकाले तयार गरेको विवरणअनुसार 'क वर्गको ९७ जना, 'ख वर्गको २५७ जना, 'ग वर्गको ७८ जना र 'घ वर्गको ४० जना गरी ४७२ जनाले अपाङ्गता परिचयपत्र प्राप्त गरेका छन् । कार्यक्रमले लिएको उद्देश्यअनुसार अपाङ्गता भएका व्यक्तिहरूका लागि सहयोग हुने गरी प्रभावकारी कार्यक्रम सञ्चालन तथा सोको अनुगमन गर्नेतर्फ सम्बन्धित पक्षले ध्यान दिनुपर्दछ ।

३४ **कार्यक्रमको अनुगमन मूल्यांकन नगरी अनुदान उपलब्ध गराएको**

प्रधानमन्त्री कृषि आधुनिकिकरणपरियोजना कार्यान्वियन म्यानुअल को परिच्छेद ४ वुदा ४.१.४ मा पकेट क्षेत्र निर्धारणकोलागी क्षेत्रनिर्धारण गरिएको छ । तथा वुदाँ नं ४.१.१३ मा स्थानिय तहले अनुगमन मूल्यांकन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले आ.व २०८०/८१ मा कार्यान्वियन भएको योजनाको उत्पादन, प्रभावकारीताजस्ता पक्षको मूल्यांकन गरेर उपयुक्त भएमा थप अनुदान उपलब्ध गराउनु पर्नेमा अनुगमन मूल्यांकन नगरी कृषक संग सम्झौता भएको छ जसले गर्दा उक्त कार्यक्रम निरन्तर संचालन गर्नु प्रभावकारी छभनी एकिन गर्न सकिएन । अत पालिकाले कार्यक्रम निरन्तरता गर्दा कार्यक्रमको समग्र पक्षको मूल्यांकन गरेर प्रभावकारी भएमा मात्र थप अनुदान उपलब्ध गराउनुपर्दछ ।

३५ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १० वडामा १० योजना सञ्चालन गरी यस वर्ष ८० जनालाई औसत १०० दिनले रोजगारी उपलव्ध गराई रु.६४०००००।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

३६ **अनुदानको अनुगमन**

सार्वजनिक निकायवाट उपलब्ध गराईएको अनुदानको सहि सदुपयोग भए नभएको एकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नु पर्दछ। तर पालिकाले कृषि,पशु तथा विभिन्न संस्थालाई वीउ पुँजी तथा अनुदानमा खर्च लेखेका छन।तर पालिकावाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो वाट प्रात उपलब्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुदान लाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानिय तहवाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पुर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनु पर्दछ । केहि उदाहरणहरु

| गौ.भौ.नं/मिति | अनुदानग्राहीको नाम | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|
| १७३/०८१/०१/९ ससर्त | खप्टे ढुङगा कृषि समुह | ०७९/८० स्थापना भएको आलुपकेट कार्यक्रम निरन्तरता | ९९७१० |
| १७६/०८१/०१/१० ससर्त | सेतीदेवी कृषक समुह | ०७९/८० स्थापना भएको आलुपकेट कार्यक्रम निरन्तरता | १००००० |
| १७८/०८१/१/१० ससर्त | क्याम्जे कृषि समुह | ०७९/८० स्थापना भएको आलुपकेट कार्यक्रम निरन्तरता | १००००० |
| १७९/०८१/१/१० ससर्त | टासी गोमाङ कृषक समुह | ०७९/८० स्थापना भएको आलुपकेट कार्यक्रम निरन्तरता | १००००० |
| २५६/०८१/३/१६ ससर्त | विभिन्न किसानहरु | फापरको विउ वितरण | ४०००० |
| २३३/०८१/३/९ | सगरमाथा मिलिजुली साना किसान महिला कृषि सहकारी संस्था | रैथाने बाली प्रबर्दन कार्यक्रम | ३४६००० |

### ३७ फोहोरमैला संकलन दस्तुर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले फोहरमैला संकलन दस्तुर शिर्षकमा रु १०४८२५०।०० असुल गरेको जनाएको छ । फोहरमैला दस्तुर संकलन गर्नका लागि पहिचान गरिएका बजार क्षेत्रका ४५१ घर तथा पसल कवलबाट प्रति महिना रु २५०।०० का दरले १२ महिनाको रु १३५३०००।०० असुल गर्नुपर्नेमा रु ३०४७५०।०० घटी असुल गरेकोले एकिन गरी असुल हुनुपर्दछ । यस सम्वन्धमा छलफल गर्दा घरधनी तथा पसल कवल सत्र्चालकले विना जानकारी अन्यत्र सरी गएकाले असुल गर्न नसकिने पालिकाले जनाएको छ ।

### ३८ जलविद्युत शुल्क

पालिकाको अ व २०८०।८१ को आर्थिक ऐनमा जलविद्युत कम्पनिहरुले वार्षिक शुल्क वुझाउनु पर्ने व्यवस्था गरी नगरपालिका क्षेत्रमा सञ्चालित तपशिलका जलविद्युत कम्पनिहरुलाई वार्षिक शुल्क रु ४२४४०००।०० बुझाउन पालिकाले पटक पटक अनुरोध गरेको देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा पानी मुहानको संरक्षण, जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन, र स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण, वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन समेत गर्न सक्ने काम कर्तव्य र अधिकार तोकिएको छ । जिल्ला सदरमुकामको मुख्य प्रवेशद्वारमा रहेको अपर सोलु हाईड्रो जलविद्युत कम्पनीबाट वातावरणीय जोखिम न्यूनीकरण नगरी निर्माण भएको संरचनाको कारण मुख्य राजमार्गमा पहिरो जोखिम रहेको देखियो । जलविद्युत कम्पनिहरुको वातावरणिय प्रभाव मूल्याङ्कनमा जलविद्युत प्रभावित क्षेत्रहरुमा वातावरणीय जोखिम न्यूनीकरण, वातावरण क्षेत्र संरक्षणको कार्य गर्ने समेत तोकिएकोले सो सम्वनधि कार्य गर्ने तथा जलविद्युत प्रभावित क्षेत्रमा अन्य विकासात्मक कार्यको लागि श्रोत जुटाउन पालिकाले आर्थिक ऐनमा जलविद्युत शुल्क को व्यवस्था गरेको देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा नगरपालिकाको क्षेत्र भित्रका प्राकृतिक स्रोत साधन र सेवा शुल्क, रोयल्टी सङ्कलन, समन्वय र नियमनगर्न सक्ने तथा ढुगां, गिट्टी, वालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुगां आदि प्राकृतिक एवं खानीजन्य वस्तुको प्रयोग, बिक्री तथा निकासी शुल्क दस्तुर संकलन र स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन समेत गर्न सक्ने व्यवस्था बमोजिम कानुन बनाई निम्नानुसारको शुल्क असुल गर्न सक्नेमा अनुमति लगायत अन्य शुल्क संघीय सरकारले नै उठाउने हुनाले जलविधुत कम्पनीले दोहोरो कर बुझाउन नचाहेकोले असुल गर्न नसकिएको पालिकाले जनाएको छ । स्थानीय तहको अधिकार क्षेत्रभित्र १० देखि १०० किलोवाट सम्मको लघु जलविद्युत आयोजना भएता पनि

केन्द्रियस्तरका ठुला विद्युत आयोजना संघको अधिकारको सूचिभित्र रहेन हुदा स्थानीय तहले कानून तर्जुमा गर्दा यस तर्फ पनि ध्यान दिनु पर्दछ । वातावरणीय प्रभाव सम्वन्धमा संघबाट प्राप्त हुने विद्युत रोयल्टीको रकम सम्वन्धित प्रभावित क्षेत्रमा आवश्यकताको आधारमा खर्च गर्ने व्यवस्था सहित संघीय सरकारसंग समन्वय गरी यस प्रकारका समस्या समाधान गर्नु पर्दछ ।

| **जलविद्युत आयोजना** | **उत्पादन क्षमता मेघावाट** | **आर्थिक ऐन अनुसार सेवा शुल्क दर** | **आर्थिक ऐनमा व्यवस्था गरी असुल गर्न सक्ने सेवा शुल्क** | **कैफियत** |
|---|---|---|---|---|
| सल्लेरी चाल्सा विगुली कम्पनी | | प्रतिकिलोवाट रु १० लाख | १५०००००।०० | असुल भएको |
| मध्य सोलु जलविद्युत | ९।५ मेघावाट | रु३०००००।०० प्रति मेघावाट र सो भन्दा माथि रु ५००००।०० दरले थप | ३३५००००।०० | पत्र मार्फत ताकेता |
| अपर सोलु हाईड्रो जलविद्युत | २३।५ मेघावाट | रु३०००००।०० प्रति मेघावाट र सो भन्दा माथि रु ५००००।०० दरले थप | ७५५००००।०० | पत्र मार्फत ताकेता |
| तल्लो सोलु हाईड्रो जलविद्युत | ८२ मेघावाट | रु३०००००।०० प्रति मेघावाट र सो भन्दा माथि रु ५००००।०० दरले थप | २५१००००।०० | पत्र मार्फत ताकेता |
| बेनी हाईड्रो जलविद्युत | १९।८ मेघावाट | रु३०००००।०० प्रति मेघावाट र सो भन्दा माथि रु ५००००।०० दरले थप | ६४४००००।०० | पत्र मार्फत ताकेता |
| | | **वार्षिक असुल हुन सक्ने जम्मा** | **४२४४०००।००** | |

३९ **काठ दाउरा विक्री निकासी दस्तुर**

सामुदायिक वनबाट सिफारिस तथा काठ दाउरा विक्री निकासी दस्तुर वापत जम्मा रु ५१७७३९०।८० असुल भएको छ । सो रकम वन नियमावली २०६९ बमोजिम पुर्वाधारजन्य संरचना निर्माण गर्दा नष्ट भएको जंगल तथा बोट बिरुवाको सट्टा भरण गरी वनको क्षेत्रफलमा कमी नआउने गरी व्यवस्थापन गर्नुपर्ने कानुनमा व्यवस्था छ। सो रकम निश्चित जग्गामा बृक्षारोपणमा खर्च गर्न पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

४० **बाहाल विटौरी**

असुल भएको प्रमाण पेश ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **१४,२३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४१ **नदीजन्य पदार्थ तथा प्राकृतिक श्रोत**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटो जन्य वस्तुको बिक्री गर्न सक्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेको खोला, खोल्सी तथा जमिनबाट संकलन गर्न सकिने स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटो जन्य वस्तुको परिमाण यकिन गर्न वातावरणीय प्रभाव मूल्यकन तथा प्रारम्भिक वातावरणीय परीक्षण गराई भएतापनि ठेक्का व्यवस्थापन गरेको देखिएन। पालिका भित्रका उपभोक्ता समितिले ढुङ्गा, गिट्टी, बालुवा एवम् माटो जन्य वस्तुको प्रयोग गरेकोमा उपभोक्ता समितिले व्यक्ति तथा निर्माण व्यवसायीबाट खरिद गरेको विल तथा भरपाई पेस गरेकोले उक्त स्रोत निःशुल्क प्रयोग भएको अवस्था देखिन्छ । अतः

पालिकाले आफ्नो क्षेत्र भित्रका ढुंगा, गिट्टी, बालुवा एवम् माटो जन्य वस्तुमा प्रदेश कानुन बमोजिम कर लगाई आम्दानी बढाउने तथा उपलब्ध सामग्रीको अव्यवस्थित उत्खनन, संकलन तथा उपयोग स्थितिलाई व्यवस्थित बनाउने तर्फ ध्यान दिनु पर्ने देखियो ।

४२ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था बमोजिम यस पालिकाले आवधिक योजना तयार गरी २०८० असार १० गतेको नगर सभाले पालिकाको आवधिक योजना २०८०-८५ लाई अनुमोदन गरेको छ । पालिकाले स्थानीय तहको समग्र विकासका लागि वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन लक्ष्य, उद्धेश्य, नीति, रणनीति जस्ता विषयहरुलाई समावेश गरी कार्यान्वियन गर्नुपर्दछ ।

४३ **कार्यविधिको पालना**

२३।२०८१।३।२२ प्रदेश सरकारको अनुदानबाट चौरी प्रर्वद्धन कार्यक्रममा रु २००००००।०० विनियोजन भएकोमा पालिका समेतको बजेटबाट चौरीपालाक कृषकको लागि सामाग्री खरीद वातको रकम रु.२३३२५२६/- भुक्तानी गरी खर्च लेखेको छ । प्रदेश सरकारको अनुदान कार्यक्रममा उपलब्ध गराउने अनुदान को लागि लाभग्राहीको छनौट गर्दा सम्वन्धित कार्य गर्ने उद्वेश्यले दर्ता भएका (PAN) व्यक्ति, फर्म, समुह, समितिलाई छनौट गर्नु पर्ने र चौरी प्रर्वद्धन लागि न्यूनतम संख्याको आधार समेत तोकि हिमाली जिल्लामा चौरी प्रर्वद्धन कार्यक्रम संचालन गर्दा न्यूनतम संख्यामा चौरी रहने गरी तोकिएको छ । चौरी प्रर्वद्धनमा उत्पादकत्व कार्यक्रम संचालन गर्दा पशु नश्ल सुधार कार्यक्रम संचालन प्रकृया कृषक छनौट, स्रोत केन्द्रको पहिचान, गरी उन्नतजातको चौरी (बाछाबाछी) खरिद गर्नुपर्ने गरी खर्च गर्नुपर्ने र प्रस्तावमा आधारित अनुदान रकम भुक्तानी गर्नुअघि सम्झौता अनुसारको कार्य पुरा गरेको र सम्बन्धित प्राविधिकले स्थलगत भ्रमण गरी प्रतिवेदन पेश गरेपछि मात्र लाभग्राहीको खातामा रकम भुक्तानी गर्नुपर्नेमा सो नगरी ७५ प्रतिशत अनुदानमा चौरीपालाक कृषकको लागि सामाग्री खरीद गरी वितरण गरेको आधारमा रु.२३, ३२, ५२६/- खर्च गरेको छ । ४४ जना चौरी पालक किसानका लागि हुनेगरी क्रिम सेपेरेटर मेशिन ४४ थान, त्रिपाल ८८ थान, ४४ थान व्याट्री सहित सोलार प्यानल सेट, र २० एमएम साईजको खानेपानी पाईप तथा ढूवानी समेत रु २६,६६,६६६।०० कार्य सम्पन्नको आधारमा गरेको खर्चबाट चौरी प्रर्वद्धनमा उत्पादकत्व वृध्दि भएको सम्वन्धमा अनुगमन हुनुपर्दछ । प्रदेश सरकारको चौरी प्रर्वद्धन कार्यक्रम संचालन गरी खर्च गर्दा स्वीकृत कार्यविधि पुरा गरेर मात्र अनुदान रकम भुक्तानी गर्नुपर्दछ ।

४४ **फोहोरमैला व्यवस्थापन पुर्वाधार निर्माण**

पालिकाको वडा नं ७ मा फोहरमैला व्यवस्थापन पुर्वाधार निर्माणको लागि रु २ करोड ३३ लाख २५ हजार लागत अनुमानको आधारमा प्रत्येक वर्ष संघीय सरकार तथा पालिकाबाट बजेट बिनियोजन भई खर्च हुनेगरेकोमा हाल सम्भमको खर्च र लागत अनुमान अनुसार बाँकी कार्यहरु माग गरेकोमा पेश हुन सकेन । यस वर्ष फोहरमैला व्यवस्थापन पुर्वाधार निर्माण कार्यका लागि रु ५० लाख विनियोजन भएकोमा निर्माण व्यवसायी आर पी कन्ष्ट्रक्सन सप्लायर्ससंग सम्झौता गरी पेश भएको विलको आधारमा मूअकर रु ५३३५८१।०५ समेत ४६३८०५०।६० भुक्तानी गरेकोमा निर्माण व्यवसायीले सम्झौता बमोजिम २०८१।३।२५ सम्ममा कार्य सम्पन्न गर्न नसकेकोले विनियोजित बजेट समेत फ्रिज भएको पालिकाले जनाएको छ । साईट सेलेक्सन उपयूक्त नहुदा जनताको बारम्वार अवरोधले गर्दा काममा ढिलाई हुनुका साथै थप व्ययभार पर्न सक्ने देखिन्छ । गुरुयोजना अनुशारको निर्माण कार्य सम्पन्न गराउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

४५ **खेलकुदमा खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तबरले गर्नुपर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कार्यक्रम संचालनको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकार प्राप्त अधिकारीबाट स्विकृत भएको हुनुपर्ने र कार्यक्रम सम्पन्न भईसकेपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएको मालसामानको विवरण तथा बिल, भरपाईसहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको

संख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकारप्राप्त अधिकारीबाट स्विकृत गराउनुपर्ने व्यवस्था छ । पालिकाले खेलकुद सामाग्री वितरण, खेलकुद कार्यक्रममा सहभागिता तथा खेलकुद कार्यक्रम आयोजना लगायतका क्रियाकलापमा न पा पूंजीगत शिर्षक राष्ट्रपति रनिङ शिल्ड कार्यक्रमको खर्च रु १२१४०००।- समेत विभिन्न वडा र पालिकाको चालु बजेटबाट रु. २६५६७२०।- खर्च गरेको छ। यसरी खर्च गर्दा कार्यक्रम स्विकृत गरी नगरेको, खर्चको मापदण्ड नबनाएको, कार्यक्रम संचालन गर्दा खरिद गरिएका सामाग्रीहरु हस्तान्तरण तथा वितरणको मापदण्ड नबनाएको, लक्षित व्यक्तिहरुको विवरण नराखेको, उपलब्धि मुल्याङ्कन गर्ने गरेको देखिएन । लक्षित कार्यक्रम संचालन गर्दा कार्यक्रमको योजना बनाएर उच्च प्रतिफल र उपलब्धी प्राप्त हुने गरी खर्च गर्नुपर्दछ ।

## ४६ प्रदेश सरकारको अनुदान

४८२।२०८१।३।२० सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच गर्दा नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा रनिङ्ग बिल भुक्तानी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्विकार्दा कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । गार्मा वहु प्राविधिक शिक्षालय निर्माणको सम्झौता रकम मध्ये हालसम्म भएको मूल्यांकन रकम मध्ये चालु आ.वमा विनीयोजित वजेट रकम रु २४०००००।०० निकासा र प्रदेश सरकारको अनुदानबाट सोलुखुम्वु वहुमुखी क्याम्पसलाई रु ७०००००।०० समेत जम्मा रु ३१०००००।०० अनुदान गरेकोमा विल भरपाई र नापी किताव तथा कार्यसम्पन्न सहित कर कट्टाको विवरण समेत पेश गरेको आधारमा मात्र अनुदान निकासा गरेकोमा अनुगमन समेत हुनुपर्दछ ।

## ४७ हेभी इक्युपमेन्टको प्रयोग

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा कामको मुख्य उद्देश्य रोजगारी श्रृजना गर्ने भएमा उक्त काम उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । भने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । योजनामा खर्च भएको पुरै रकम उपभोक्ता समितिको नाममा हेभी उपकरणबाट भएको कामको भुक्तानी भएकोमा यस प्रकारको कार्य प्रतिस्पर्धाको माध्यमबाट गरिनुपर्दछ । यसका केही उदाहरणहरु यस प्रकारका रहेका छन् ।

| गो भा न\मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| २८०\०८१\२\१६ | पत्लेफेद देखि आरुपाते हुदै खाल्टेसम्मको ट्र्याक ओपन उ.स. | ट्र्याक ओपन | १३५१००.०० | डोजर तथा स्काभेटर | १३५१००.०० |
| ३३७\०८१\३\७ | चारघारे वुस्तिङ सडक ट्र्याक ओपन उ.स. | ट्र्याक ओपन | १३३११०.०० | डोजर तथा स्काभेटर | १४०१२०.०० |
| **जम्मा** | | | | | २७५२२०.०० |

## ४८ जटिल संरचना निर्माण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी., फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो।यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यस प्रकार रहेका छन्:

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ११९\०८०\११\३ | नया वस्तीटोल खानेपानी ट्याङ्की निर्माण उ.स. | खानेपानी ट्याङ्की निर्माण | ३७३३८७.०० |
| १३३\०८०\११\१० | जिमी राई उत्थान समाज भवन निर्माण उ.स. | भवन निर्माण | १४४००००.०० |
| २३६\०८१\१\१२ | फल्ले सामुदायिक भवन निर्माण उ.स. | भवन निर्माण | ७६७४००.०० |
| २६६\०८१\२\११ | पिरीङदिङ तामाङ्ग भवन निर्माण उ.स. | भवन निर्माण | ९५८७१४.०० |
| २७४\०८१\२\१४ | टाक्गोन स्येत्डुप थर्लिङ गुम्बा समिति | गुम्बा निर्माण | १६२६७४८.०० |
| ३१६\०८१\३\२ | मोपुङ खोलामा बक्स कल्भर्ट निर्माण उ.स. | कल्भर्ट निर्माण | ७६८०००.०० |
| **जम्मा** | | | **५९३४२४९.००** |

## ४९ गत वर्षको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३ अनुसार को.ले.नि.का.बाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ तर पालिकाको हकमा पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी दशौ नगर सभाको बजेटमा समावेश गरी निम्न भुक्तानी दिएको छ । अतः कानुनमा भएको व्यबस्थाको पालना गर्नुपर्दछ ।

| क्र.स. | कार्यक्रम\योजना | भुक्तानी रकम |
|---|---|---|
| १ | महिलाको लागि वेकरी तालिम | २८००००.०० |
| २ | मनोविमर्शकर्ता तालिम | १०००००.०० |
| ३ | साउने खोला झो.पु.उ.स. | ९०५०००.०० |
| ४ | जुनकिरीइण्डष्टीज प्रा.लि पाकरम खोला र साउने खोला झो.पुको स्टील पार्टस सामान खरीद | २५००००.०० |
| ५ | टाक्टोर लामजुरा सडक | ४७०००००.०० |
| ६ | नयाँ वजार हाट वजार पूर्वधार निर्माण | २८२४३१८.०० |
| ७ | सल्लेरी रोशी सडक स्तरोन्नती सडक वोर्ड साझेदारी | २४५४०००.०० |
| ८ | टाक्सिन्धु नुन्था सडक सडकवोर्ड साझेदारी | २०५५०००.०० |
| जम्मा | | १३५६८३१८.०० |

## ५० ढुंगाको प्रयोग

सडक विभागको नर्म्सको Section-900 अन्तर्गत Hard Rock को काम भएको अवस्थामा ५० प्रतिशतसम्म उक्त ढुङ्गा प्रयोगमा ल्याउन सकिने गरी नर्म्स कायम गरेको छ । सो अनुसार पालिकाले समेत यसको अनुसरण गर्नुपर्दछ । पालिकाले विभिन्न स्थानको वाटो वनाउदा कडा चट्टान देखिएकोमा उक्त चट्टान काटने काम गरेको देखिन्छ । यसरी ढुंगा निस्कनेमा ढुंगाको प्रयोग देखाएको छैन । प्रदेश आर्थिक ऐनमा गिट्टी ढुंगा वालुवाको प्रति घन फिट दर रू ९.०० (प्रति घनमिटर रू. ३१८.००) कायम गरेकोमा वाटो वनाउने काममा त्यस्ता ढुंगा निस्केकोमा रोयल्टी समेत संकलन गरेको देखिदैन । उदाहरणको लागि धुलिखेल अस्पताल(सोलुखुम्बु) देखि ज.जा.मा.बि जाने सडक ट्र्याक ओपन कार्यको लागि कडा चट्टानको १६५.१४ घनमिटरको काम गरी यस काममा रू. २४३५१५.०० काजी कन्स्ट्रक्सनलाई भुक्तानी गरेको छ । उक्त चट्टान कम्तिमा आधा प्रयोगमा आउने अवस्थामा रोयल्टी संकलन गरेको छैन भने विभिन्न योजनामा स्टोन सोलिङ तथा जालीमा ढुंगा भर्ने काम भएकोमा उक्त कामहरुमा ढुंगा प्रयोग हुन सक्ने अवस्थामा यसतर्फ ध्यान नदिई

प्रयोगविहिन राख्नु उचित देखिएन । प्रयोग हुन सक्ने अवस्थालाइ मध्यजनर गरी सोही सामग्री प्रयोग गराउने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

५१ **कन्टिन्जेन्सी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा कन्टिजेन्सी रकम कट्टी गर्ने सम्बन्धी उल्लेख गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय कानुन बनाउने सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धि कानुन\कार्यविधि निर्माण नगरी खर्च गर्ने गरेको देखिन्छ । यसरी सार्वजनिक रकम खर्च गर्दा कार्यविधि वेगर खर्च गर्नु आर्थिक अनुशासन विपरित रहेको हुन्छ । पालिकाले यस आर्थिक बर्षमा कन्टिन्जेन्सी रकम रु.१२,०४,४२८.०० खर्च गरेको छ । सो खर्च कुन कुन शिर्षकमा खर्च गरेको हो सोको विवरण समेत पालिकाले राखेको देखिदैन । अतः कन्टिन्जेन्सी रकम कानुन बेगर खर्च गरेको नियमसम्मत देखिएन ।

५२ **अधुरा आयोजना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नुपर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहाय अनुसार रु. २४९८१८९५.३७ का २ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहेका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारी पूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| **योजनाको नाम** | **निर्माण व्यसायी वा उपभोक्ता समितिको नाम** | **सम्झौता मिति** | **सम्पन्न गर्नुपर्ने मिति** | **सम्झौता रकम** | **यो बर्षसम्मको खर्च** | **प्रगति प्रतिशत** |
|---|---|---|---|---|---|---|
| नया बजार-हाट बजार निर्माण कार्य | धेनधुप धनलक्ष्मी जे.भी. | २०८०।९।१२ | २०८१।१।३१ | १५२९३४९३.३७ | १३३९९५०१.०० | ८७.६१ |
| फाप्लु-सल्लेरी-दोर्पु खानेपानी सप्लाई निर्माण कार्य | हिमाल कन्स्ट्रक्सन | २०८१।१।२१ | २०८१।३।१४ | ९६८८४०२.०० | ८११४३४०.०० | ८३.७५ |
| **जम्मा** | | | | २४९८१८९५.३७ | २१५१३८४१.०० | |

५३ **वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यबस्था छ ।पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा बृद्धि नगर्ने, बिकासशिल कार्य नहुने किसिमका खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समुह, क्लब तथा व्यक्ति लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पालिकाले रकम उपलब्ध गराएको छ । यस्ता संस्था, समुह, पर्व, जात्रा तथा संस्कृत लगायतमा रकम दिन मिल्ने कानुनी व्यवस्था रहेको देखिदैन । अघिल्लो आर्थिक बर्षको प्रतिवेदनमा समेत यस्तो प्रकृतिको बेरुजु आउदा समेत सुधार भएको देखिएन । अतः नगरपालिका पुजीगत शिर्षकबाट भएका यस्ता प्रकृतिका खर्चलाई नियमसम्मत मान्न सकिदैन ।

| **गो.भा.न.\मिति** | **विवरण** | **रकम** |
|---|---|---|
| २२५\०८१\१\३ | जुनवेशी माविलाई लुगा धुने मेशिन खरिद गरी वितरण | ९५६५०.०० |
| २३२\०८१\१\९ | टोपी, पन्जा, सल वितरण | ४७६८६.०० |
| २९४\०८१\२\३० | तामाङ् सेवा समाजलाई प्लास्टिक कुर्सी, दराज तथा टेवल खरिद रकम भुक्तानी | १९२०००.०० |
| ३३६\०८१\३\७ | पोषण सामाग्री वितरण | ६७०००.०० |
| जम्मा | | ४०२३३६.०० |

५४ **पूँजिगतबाट चालु प्रकृतिको खर्च**

एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७४ अनुसार चालु प्रकृतिका खर्च चालु खर्च शिर्षकवाट र पुँजीगत खर्च पुजीगत खर्च संकेतवाट खर्च लेख्नुपर्नेमा चालु प्रकृतिको खर्च पुँजीगत वजेटमा समावेश गरी वजेट खर्च लेख्नु नियम सम्मत देखिएन । यस पालिकाले तपशिल बमोजिमका चालु प्रकृतिका कार्यक्रम पूँजिगत बजेटमा समावेश गरी खर्च लेखेको छ । यसरी चालु प्रकृतिको खर्च पूँजिगत शिर्षक बाट गर्नु वित्तिय अनुशासनको उल्लङ्घन हो । यसमा कार्यालयले सुधार गर्नुपर्दछ । केही उदाहरण देहायअनुसार छन :

| भौ.न.\मिति | भुक्तानी पाउनेको नाम | कामको विवरण | रकम |
|---|---|---|---|
| १८\०८०\८\२४ | पिपल एग्रीकलचर प्रा.ली., काठमाण्डौ | बिरुवा खरिद | ५०००००.०० |
| २८\०८०\८\२७ | रिता ढुगांना | महिलाको लागि वेकरी तालिम | २७१०००.०० |
| ४४\०८०\९\२३ | घरेलु हिँसा प्रभावितका लागि जिल्ला सेवा केन्द्र | घरेलु हिँसा प्रभावितका लागि जिल्ला सेवा केन्द्र | २४००००.०० |
| ६६\०८०\९\२६ | कुबेर फर्मा भेट | औषधि खरिद कार्यक्रम | १९२०००.०० |
| ६८\०८०\९\२९ | दुधकुण्ड युवा महिला समुह | महिला उद्योषण तालिम कार्यक्रम वडा ४ | ९५७१२.०० |
| ७६\०८०\१०\८ | श्री अपांग सेवा समाज | खेलकुद सम्बन्धि कार्यक्रम | ५००००.०० |
| ७९\०८०\१०\८ | विभिन्न फर्म तथा व्यक्तिहरु | राष्ट्रपति रनिङ्गशिल कार्यक्रम | १२१४०००.०० |
| १५३\०८०\११\२३ | टाक्सिबन्धु माध्यमिक बिद्यालय | राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता | १९२०००.०० |
| १६२\०८०\११\२४ | रिता ढुगाँना | बालबालिका कार्यक्रम | ९९९००.०० |
| १७१\०८०\११\३० | रिता ढुगाँना | दिवस तथा अभियान कार्यक्रम | ९२५५०.०० |
| १८२\०८०\१२\०८ | माउन्टेन भाइब्स होटल | विद्युत जडान तालिम | १४११००.०० |
| २१४\०८०\१२\२५ | अन्तर पार्टी महिला संजाल | अन्तर पार्टी महिला संजाल | ४८००००.०० |
| २८१\०८१\२\१६ | श्री सगरमाथा मा.बि. स्कुल | राष्ट्रपति रनिङशिल्ड सहभागिता | ४८०००.०० |
| ३५१\०८१\३\११ | ए टु जेट अर्डर एण्ड सप्लायर्स | शैक्षिक पात्रो निर्माण | ९६०००।०० |

५५ **शीर्षक फरक पारी खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली,२०७७ को नियम ३८ मा बजेट खर्च गर्न वा खर्च निकासा गर्न दिनु अघि स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको एकीन गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको फरक शीर्षकबाट खर्च भुक्तानी गरको छ । फरक शीर्षकमा खर्च गरेको रु. १२१८००.०० रकम नियमित देखिएन । विनियोजित बजेट सम्बन्धित खर्च शिर्षकको अधिनमा रही खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । (नमुना छनौटको रुपमा हेरिएको)

| भौचर नं. र मिति | शिर्षक | रकम रु | कैफियत |
|---|---|---|---|
| ४६०\०८१\३\२२ | लाप्चा तामाङ सेवा समाजको गुम्बा निर्माण वडा न ९ | ७१०००.०० | व्याट्री, डिस्प्याक लगायत विभिन्न सामाग्री खरिद |
| ४७०\०८१\३\२३ | छुल्यामु गोरेटो वाटो स्तरोन्नती वडा न १ | ५०८००.०० | स्काभेटर मर्मत कार्य गरेको |
| **जम्मा** | | १२१८००.०० | |

| अनियमित भएको | १,२१,८०० |
|---|---|

५६ **टुक्रा पारी खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुरी गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने र नियमावली, २०६४ को नियम ८४ मा २० लाख रुपैयासम्म भए शिलवन्दी दरभाउपत्र र सोभन्दा बढी भए नियम २१ अनुसार बोलपत्रको माध्यमबाट खरिद

एवं निर्माण कार्य गराउनु पर्ने उल्लेख छ।नगरपालिकाले खरिद सम्बन्धि कार्य पटक पटक गरी देहाय बमोजिम सिधै खरिद गरेको देखिएको छ। ऐनको प्रावधान कार्यान्वियन नगरी टुक्रा पारी खरिद गर्ने कार्य देखिएकोले यस्तो खर्च नियन्त्रण गरी सार्वजनिक खरिद नियमावली वमोजिम खरिद कार्य गर्नु पर्ने देखिन्छ ।

| भौन मिति | फर्मको नाम | विवरण | रकम |
|---|---|---|---|
| ३१-७।१ | ए टु जेट अर्डर एण्ड सप्लार्यस | मसलन्द तथा कार्यालय सामान | ३५४२५५ |
| ८६-८।२७ | प्रज्वल प्रतिक स्टोर्स एण्ड अर्डर सप्लार्यस | " | ९९१०१ |
| ९०-८।२८ | ज्वालामाई स्टेशनरी एण्ड अर्डर सप्लार्यस | " | ४३६०० |
| १४४-९।२४ | रोशनी सटिङ्ग एण्ड टेलरिङ्ग सेन्टर | " | ४७८५० |
| ३१३-१।२७ | विजय स्टोर्स | " | २२२२९८ |
| ३२३-२।६ | प्रज्वल प्रतिक स्टोर्स एण्ड अर्डर सप्लार्यस | " | १८८२५० |
| ३९२-३।१२ | विजय स्टोर्स | " | १०१७०० |
| ४४६-३।२० | ओस्कार विजनेश प्रा.ली. | " | १७९९९९ |
| ४५२-३।२० | पारुहाङ्ग- हिमालय अल्लो हस्तकला | " | ६२२०० |
| ४६४-३।२२ | ओस्कार विजनेश प्रा.ली. र फाप्लु कम्प्युटर वर्ल्ड | " | २२९९०० |
| ४६६-३।२२ | ए टु जेट अर्डर एण्ड सप्लार्यस | " | ९८३६६ |
| ४७२-३।२२ | गुप्तकाली स्टोर र भिमसेन सप्लार्यस | " | १४०००० |
| ४७७-३।२२ | प्रज्वल प्रतिक स्टोर्स एण्ड अर्डर सप्लार्यस | " | १७०००० |
| ४९७-३।२४ | ए टु जेट अर्डर एण्ड सप्लार्यस | " | ४९७२० |
| जम्मा | | | १९८७२३९ |

५७ **नन्फाइलर**

कर समायोजन गरेको प्रमाण पेश भएको ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **९३,३६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५८ **नमूना मा वि भवन कार्य प्रगति**

सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली,२०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। पालिकाले जनजागृती मावी को नमूना विद्यालय सुधार कार्ययोजन अनुसार भवन निर्माणका लागि ठेक्का नं ITR/NCB/51 W/2078/79 मार्फत निर्माण व्यवसायी स्वामीनारायण निर्माण सेवा प्राली सँग रु. ६०,८०,७४२।८४ (मूल्य अभिवृद्धी कर समेत) मा २०८१।३।२० मा निर्माण कार्य सम्पन्न गर्नेगरी २०८१।१।२५ मा सम्झौता भएको छ। निर्माण व्यवसायिले उक्त भवन निर्माणको कार्य गरी यो बर्षको अन्त्यसम्म दोस्रो रनिङ्ग विल सम्मको प्राविधिक मुल्याङ्कन रु. ३१,८७,९७०।०० (मुअकर समेत ) भुक्तानी भएको देखिन्छ। निर्माण कार्यको प्रगतिको विश्लेषण गर्दा यो वर्षको अन्त्य सम्म करिव ४१ प्रतिशत वित्तीय तथा करीव ४५ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ। सम्झौता वमोजिम यो बर्षको अन्त्यसम्म कुल निर्माण अवधिको करिव ७० प्रतिशत अवधि

समाप्त भएको देखिन्छ । निर्माण व्यवसायीले तोकिएको समयमा वित्तिय तथा भौतिक प्रगति हाँसिल गरेको देखिएन। लेखापरीक्षण अवधिमा निर्माण कार्यको समय समाप्त भएकोमा सो समयमा समेत निर्माण कार्य पुरा भएको देखिदैन । पर्याप्त समय प्रदान गरी ठेक्का व्यवस्थापन गरिएकोमा समेत समयमा निर्माण सम्पन्न नगर्ने निर्माण व्यवसायिलाई जिम्मेवार वनाई निर्माण कार्य सम्पन्न गर्ने गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

५९ **सोधभर्ना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १७ मा वैदेशिक सहायताको रकमलाई बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्ने उल्लेख छ। अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ मा वैदेशिक सहायता लिँदा राष्ट्रिय हित र प्राथमिकतालाई आधार बनाउँदै पारदर्शी बनाउने र वैदेशिक सहायतालाई राष्ट्रिय बजेट प्रणालीमार्फत् परिचालन गर्नुपर्ने, सबै प्रकारका अन्तर्राष्ट्रिय विकास सहायता राष्ट्रिय बजेट प्रणालीमा समावेश हुने गरी स्वीकार गरिने उल्लेख छ । पालिकाले Claudia and Dr Ing Michael Laduing Ladwig Living In Aeusserer Berg 4, Switzerland को वित्तीय र प्राविधिक सहयोगमा पालिका अन्तर्गतको लुम्सा दिमिल सडक स्तरोन्नति गरी सडक निर्माणको लागत अनुमान रु १६८३६३५५।५४ मध्ये ५० प्रतिसत पालिकाले र ५० प्रतिशत सहयोगी निकायले व्यहोर्ने गरी रु ८४१८१६२।२७ सहयोग गर्ने र कर तथा अन्य दायित्व पालिकाले व्यहोर्नेगरी संगिता कन्सट्रक्सन प्रा.लि. सँग रू. ९७,९५,५५७।९२ को सम्झौता गरी यो वर्ष दोश्रो रनिङ् विल समेत रू ८४००४६६।०७ को कार्य सम्पन्न गरेकोमा वजेट अभावको कारण रू. १४४२९१६।०० भुक्तानी दिन बाँकी देखाएको छ । दातृ सहयोगी निकायले गरेको कामको विल भरपाईका साथै स्थलगत अनुगमन गरी मात्र रकम सोधभर्ना गर्ने गर्नाले काममा समेत ढिलाई हुन सक्ने भएकोले सम्झौता अनुसारको उक्त सडक निर्माणको रु ७९२६०६।०० सोधभर्ना हुनुपर्ने देखिएकोमा लेखापरीक्षणको क्रममा मिति २०८१।६।६ मा सोधभर्ना प्राप्त भएको जनाएको छ । सो प्राप्त भएको वैदेशिक सहायता रु ८४१८१६२।२७ बजेटरी प्रणालीभन्दा बाहिर रहेको छ । अन्तर्राष्ट्रिय विकास सहायता राष्ट्रिय बजेट प्रणालीमा समावेश गर्न संघीय सरकार संग समन्वय र स्वीकृति प्राप्त गरी मात्र खर्च गरिनु पर्दछ ।

६० **टाक्टोर लामाजुरा सडक स्तरोन्नती**

पालिकाले टाक्टोर लामाजुरा सडक स्तरोन्नती निर्माणको लागि ज्वालामाई कन्सट्रक्सन प्रा.लि. सँग रू. ९७,९५,५५७।९२ को सम्झौता गरी यो वर्ष रू ९७९५५५७।९२ को कार्य सम्पन्न गरेकोछ । उक्त सडक निर्माण सम्वन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रुटी सच्चाउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ डिजाइन र स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले गतवर्ष टाक्टोर लामाजुरा सडक निर्माण (ठेक्का नं. ३।०७९।८०) को लागि ज्वालामाई कन्सट्रक्सन प्रा.लि. सँग रू. ९७,९५,५५७।९२ को सम्झौता गरी कार्य सम्पन्न प्रतिवेदनको आधारमा रु ९७९५५५७।९० भुक्तानी र यसवर्ष सोही सडकको बाँकी कार्य सालवेशी टाक्टोर लामाजुरा सडक निर्माण (ठेक्का नं. २।०८०।८१) को लागि एन एस कन्सट्रक्सन प्रा.लि. सँग रू. १,४७,९५,५५७।९२ को २०८०।९।१३ मा सम्झौता गरी कार्य सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरेकोमा प्रविधिक टोली सहित स्थलगत अवलोकन गर्दा पर्याप्त प्रोटेक्सन वेगर कार्य गरेकोले अधिकांस ठाउमा सडकको आधा भाग पहिरोले पुरेको (नापी कितावमा च्यानेज नखुलाएकोले स्थान एकिन गर्न सकिएन), पानी वग्ने ठाउमा नालाको व्यवस्था नगर्नाले बाटो भत्किनुका साथै ग्यविन भासिएर झर्ने अवस्थामा रहेको तथा पानी वग्ने ठाउलाई कज्वे द्वारा व्यवस्थित नगरिएकोले विच सडकबाट पानी वग्ने गरेकोले बाटो कटान गरी वगाएको समेत देखिएकोले थप क्षतिको न्यूनिकरण गरी मात्र कार्य सम्पादन जमानत तथा धरौटी फुकुवा गर्नुपर्ने देखिन्छ । खरिद नियमावलीमा भएको व्यवस्था वमोजिम त्रुटि सच्याउने अवधि सम्ममा सडकको पुर्ण चेक जाँच गरी क्षतिको मूल्याकनको आधारमा पुन कार्य गराई मात्र भुक्तानी गर्ने गराउने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

६१ **नया बजार-हाट बजार निर्माण**

६१.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा स्वीकृत वोलपत्रको वोलपत्रदाताले ऐनको दफा २७ को उपदफा ४ वमोजिम कार्यसम्पादन जमानत पेश गर्दा बाणिज्य वैंकबाट जारी भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने र त्यसरी पेश गरेको कार्यसम्पादन

जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लेखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नुपर्ने अन्तिम अवधि वा प्रत्याभुति (वारेन्टी) को अवधि वा निर्माण कार्यको त्रुटीसच्याउने दायित्व (डिफेक्ट लायविलिटीज) अवधि भन्दा कम्तिमा एक महिना वढी अवधिको हुनपर्ने उल्लेख छ । पालिकाले ठेक्का नः 01-NCB-SDM-2080/81 को नया बजार-हाट बजार निर्माण कार्य को लागि लागत अनुमान रु.२,१३,७६,८२८।३० (मु.अ.कर समेत) भन्दा ३५.९७ प्रतिशत घटी रु. १५२,९३,४९३।३७ (मु.अ.कर समेत) मा धेनधुप धनलक्ष्मी जे.भी..संग सम्झौता गरेको देखिन्छ । अन्तिम पटक म्याद थप पछि मिति २०८१।३।२५ भित्र कार्यसम्पन्न गर्नुपर्ने यस खरिद सम्झौताको हाल सम्म दोश्रो रनिङ विल रु. ८३,६९,१३४।३२ मात्र भुक्तानी भएको देखिन्छ । ठेक्काको म्याद थप गरी सम्झौता वमोजिमको काम सम्पन्न गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ । त्यसैगरी राष्ट्रिय वाणिज्य बैंकबाट जारी भएको रु.१२,१६,०००।०० को कार्यसम्पादन जमानतको म्याद मिति २०८०।३।३१ सम्म मात्र भएको देखिएकोले यस खरिद सम्झौतामा नियमामवलीमा भएको व्यवस्था वमोजिम जमानतको म्याद थप गरेपछि मात्र ठेक्का विलको भुक्तानी दिने व्यवस्था मिलाउनु पर्दछ । खरिद सम्झौता तथा नियमामवलीमा भएको व्यवस्था वमोजिम समयमै कार्य सम्पन्न गर्न जोड दिनुपर्ने देखिन्छ ।

६१.२ लमसम आईटम - नापी सहितको विलभर्पाई पेश भएको ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **२८२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ६२ फाप्लु-सल्लेरी-दोर्पु खानेपानी

पालिकाले ठेक्का नः06-Works-NCB -SDM-2080/81 को फाप्लु-सल्लेरी-दोर्पु खानेपानी सप्लाई निर्माण कार्य को लागि लागत अनुमान रु.१,५९,९५,९७७।७२ (मु.अ.कर समेत) भन्दा ३५.९७ प्रतिशत घटी रु. ८५,७३,८०६।८५ (मु.अ.कर समेत) कार्य हिमाल कन्स्ट्रक्सन धनगढी कैलाली संग सम्झौता गरेको देखिन्छ । अन्तिम पटक म्याद थप पछि मिति २०८१।३।२५ भित्र कार्यसम्पन्न गर्नुपर्ने यस खरिद सम्झौताको हाल सम्म दोश्रो रनिङ विल रु.८१,२१,६८५।०० मात्र भुक्तानी भएको तथा म्याद थप भएको देखिएन । जग्गा विवादका कारण केही प्रतिशत कार्य बाँकी रहेको जनाएकोमा समाधान गर्न उचित व्यवस्था मिलाउनु पर्दछ । कार्यसम्पादन जमानतको म्याद मिति २०८१।३।३१ सम्म मात्र भएको देखिएकोले खरिद सम्झौता र नियमामवलीमा भएको व्यवस्था वमोजिम कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

## ६३ सम्झौता बमोजिम प्रगती नगरेको

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा ७ मा सम्झौता बमोजिम काम सुरु नगरेमा, काम सुरु गरी बिचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगती नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्नेछ भन्ने व्यवस्था रहेको छ । त्यस्तै दफा ५९ को उपदफा ८ मा सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पुरै जमानत जफत हुने, सम्झौता अन्त्य गरेको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ भन्ने व्यवस्था रहेको छ । ठेक्का नं. 05-SDM/NCB-05/2080-81, तिङला दुग्ध प्रशोधन केन्द्र निर्माणको लागि ग्यालेक्सी कन्ष्ट्रक्सन एण्ड सप्लायर्स कम्पनी प्रा लीसँग कबोल रकम रु. ६२६३०२०।५१ मा सम्झौता भई मिति २०८१।०३।१० सम्ममा सक्ने गरी कार्यादेश दिईएकोमा आफू विरामी भएको कारणवश सम्झौता मितिमा कार्य सम्पन्न गर्न असमर्थ भएको भनी दिएको निवेदनका आधारमा २०८१।०५।२० सम्म म्याद थप भएको देखिन्छ । हालसम्म रु २६,८१,७१६।०० भुक्तानी भएकोमा ४६ प्रतिशत काम समेत बाँकी रहेको देखिन्छ । अन्तिम पटक म्याद थप पछि मिति २०८१।३।२५ भित्र कार्यसम्पन्न गर्नुपर्ने यस खरिद सम्झौताको हाल सम्म दोश्रो रनिङ विल रु. २४,२४,२३३।९२ मात्र भुक्तानी भएको तथा म्याद थप भएको देखिएन । ठेक्काको म्याद थप गरी सम्झौता वमोजिमको काम सम्पन्न गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ । त्यसैगरी कृषि विकास बैंकबाट जारी भएको रु.५,४६,०००। को कार्यसम्पादन जमानतको म्याद मिति २०८१।३।३१ सम्म मात्र भएको देखिएकोले यस खरिद सम्झौता र नियमामवलीमा भएको व्यवस्था वमोजिमको कार्य यथासिघ्र सम्पन्न गर्न उचित व्यवस्था मिलाउनु पर्दछ ।

## ६४ सामाजिक सुरक्षा

६४.१ सामाजिक सुरक्षा वितरण- सामाजिक सुरक्षा ऐन,२०७५ अनुसार सामाजिक सुरक्षा भत्ता पाउन योग्य भएका नेपाली नागरिकलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने व्यबस्था रहेको छ । यस पालिका अन्तर्गतका ११ वडाहरुको लागि सामाजिक सुरक्षा भत्ता वापत रु. १२,७४,२०,९६५.०० खर्च रहेको आर्थिक विवरण पेश गरेको छ । यस पालिकाको पञ्जिकरण शाखाबाट यस आर्थिक बर्षमा निकासा वितरणको स्थितिको विवरण माग गर्दा निम्न विवरण पेश गरेको छ ।

| त्रैमासिक | निकासा | वितरण | बाँकी/फिर्ता | कैफियत |
|---|---|---|---|---|
| प्रथम | 3,11,70,094.00 | 3,11,41,306.00 | 28,788.00 | फरवार्ड फिड अनुसार नया खाता खोली जम्मा भएको रकम रिभर्स फिडमा नदेखिएकोले बाँकी देखिएको र ग्लोवल बैकको २० हजार फिर्ता गराएको । |
| दोश्रो | 3,16,45,755.00 | 3,16,03,548.00 | 42,207.00 | EFT मार्फत खाता बन्द भएकोले को ले नि का मा फिर्ता भएको |
| तेश्रो | 3,19,10,720.00 | 3,18,98,720.00 | 12,000.00 | EFT मार्फत खाता बन्द भएकोले को ले नि का मा फिर्ता भएको |
| चौथो | 3,29,23,753.00 | 3,29,23,753.00 | - | |
| जम्मा | 12,76,50,322.00 | 12,75,67,327.00 | 82995.00 | |

६४.२ सामाजिक सुरक्षा तुलनात्मक विवरण- पालिकाको आर्थिक बर्ष २०७९।८० र २०८०।८१ मा सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तुलना गर्दा निम्न घट\बढ भएको अवस्था देखिन्छ । सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको पहिचान, नविकरण, लगत कट्टा, दोहरो भत्ता लिएका, राज्यबाट दोहोरो सुविधा पाउने, अन्यत्र बसाईसराई गरी आउने तथा जानेहरुको विवरण अध्यावधिक गरी सामाजिक सुरक्षा भत्तालाई प्रभावकारी बनाउनु पर्दछ ।

| लक्षित समुह | आ.ब. २०७९।८० को चार त्रैमासिकको औसत सँख्या | आ.ब. २०८०।८१ को चार त्रैमासिकको औसत सँख्या | भत्ता दर |
|---|---|---|---|
| ज्येष्ठ नागरिक | १८३२ | १९५५ | ४००० |
| अन्य ज्येष्ठ नागरिक(दलित) | १२४ | १२८ | २६६० |
| ज्येष्ठ नागरिक(महिला) | २६२ | २३३ | २६६० |
| बिधवा | ४३४ | ४७९ | २६६० |
| पुर्ण अपाङ्ग क बर्ग | ८९ | ९४ | ३९९० |
| आंशिक अपाङ्ग ख बर्ग | १८८ | १९२ | २१२८ |
| बालबालिका | २३७ | २२३ | ५३२ |
| जम्मा | ३१६६ | ३३०४ | |

६४.३ हिसाब भिडान- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं २१ मा भत्ता रकम बैंक मार्फत वितरण गर्नुपर्ने सम्बन्धमा व्यवस्था छ । सोही कार्यविधिको अनुसुची १० को शर्त नं ६ र ७ मा बैंकले तोकिएको ढाँचामा लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमा यस पालिकाले अद्यावधिक रिभर्स फिड माग गरि आएको तर निकासा भिडान गरी हिसाब फरफारक गर्ने गरेको देखिएन । यस सम्बन्धमा पालिकाले अद्यावधिक विवरण माग गरी हिसाब फरफारक गर्नु पर्दछ ।

६४.४

नागरिकता नम्बर एकै भएका लाभग्राही- नेपाल सरकारले जारी गर्ने नागरिकता परिचयपत्र नं. प्रत्येक व्यक्तिको फरक फरक हुने गरी जारी गर्दछ । यस पालिका अन्तर्गतका ११ वटा वडा मध्ये निम्न वडाको प्रथम त्रैमासिकको नमुना परीक्षणको रुपमा सामाजिक सुरक्षा पाउने लाभग्राहीहरुको विवरण परीक्षण गर्दा निम्न व्यक्तिहरुको नागरिकता परिचयपत्र नं. दोहोरो परेको देखिन्छ । यस पालिका अन्तर्गतका वडा कार्यालयहरुले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण परीक्षण गरी एकिन गर्ने र लगत कट्टा गर्नुपर्ने भए गरी यात् दोहोरो परेको भए सम्बन्धितबाट असुल गरी एम.आइ.एस प्रणालीमा अध्यावधिक गर्नुपर्ने देखिन्छ ।

| **प्रथम त्रैमासिक** | | | | | |
|---|---|---|---|---|---|
| **क्रस** | **वडा नं.** | **लाभग्राही नाम** | **ना.नं.** | **व्यक्तिगत परिचय नं.** | **रकम भुक्तानी** |
| **1.** | १ | Pemba Doma Sherp | 11301344 | 2049072200163 | 7980 |
| **2.** | | Dil Maya Bishwakarma | 11301344 | 2016100102437 | 6384 |
| **3.** | ३ | Ang Ngima Sgerpa | 435 | 2002080100252 | 12000 |
| **4.** | | Lhakpa - Sherpa | 435 | 2002123226494 | 12000 |
| **5.** | ४ | Sange Lama | 65840351056 | 2012041802979 | 8000 |
| **6.** | | Chamji Lamini | 65840351056 | 2004051600146 | 12000 |
| **7.** | ७ | Lhemi Sherpeni | 189 | 1992123097401 | 12000 |
| **8.** | | Yangji Sherpeni | 189 | 1997123180479 | 12000 |
| **9.** | ८ | LAL KUMARI TAMANG | 640200546 | 2011102902983 | 12000 |
| **10.** | | Lal Kumari Khadka | 640200546 | 2011102904146 | 12000 |
| **11.** | | MAN BAHADUR THAPA MAGAR | 160152684 | 2007121803202 | 12000 |
| **12.** | | Man Bahadur Thapa Khadka | 160152684 | 2007121802725 | 12000 |
| **13.** | ९ | CHHONGA SHERPA | 376221 | 2011040108685 | 12000 |
| **14.** | | DOLMA SHERPA | 376221 | 2010072600536 | 12000 |
| **15.** | १० | Siddhikarna Magar | 2436 | 2004121401103 | 12000 |
| **16.** | | Tukti Sherpa | 2436 | 2005123260496 | 12000 |

६४.५ बैंक रुजु- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ दफा २६(३) मा एक आर्थिक बर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसुची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानबिन गरी कुनै लाभग्राहीको मुत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी सँघीय सँचित कोषमा दाखिला गर्नुपर्ने छ भनी उल्लेख गरेको छ । यस पालिकाले बिभिन्न ३ वटा बैंक मार्फत सामाजिक सुरक्षा भत्ता बितरण गर्ने सम्बन्धित बैंकबाट एक आर्थिक बर्षसम्म एक पटक पनि रकम नझिकेका लाभग्राहीहरुको विवरण माग गर्दा निम्न लाभग्राहीहरुको मौज्दात बाँकी रहेको देखिन्छ । सो लाभग्राहीहरुको सम्बन्धमा पालिकाले सुक्ष्म तरिकाले छानबिन गरी लगत कट्टा गर्नुपर्ने बाँकी भए लगत कट्टा गरी बढी भएको रकम सघिँय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

| ग्लोबल आई एम ई बैक वडा ६-१० | | | | | |
|---|---|---|---|---|---|
| क्र सं. | नाम थर | परिचय पत्र नं. | वडा नं. | ना.प्र.नं. | खातामा रहेको रकम |
| 1 | दाकीशेर्पा | 2021110900267 | 9 | 5522119 | 96,000.00 |
| 2 | फुटीशेर्पा | 2021123023446 | 9 | 1022 | 96,000.00 |
| 3 | ल्हामीशेर्पा | 2004013004463 | 7 | 237 | 96,000.00 |
| 4 | पुटीशेर्पा | 2001082300483 | ७ | 6875 | 96,000.00 |
| 5 | पुटीशेर्पा | 2001060100332 | ७ | 7890/917 | 96,000.00 |
| 6 | कान्छीशेर्पा | 1992051600168 | ७ | 5019 | 96,000.00 |
| 7 | छोक्पाशेर्पा | 2000021501026 | ७ | 219/1191/746 | 96,000.00 |
| 8 | कान्छीमायासुनुवार | 1999123248306 | १० | 291228479 | 96,000.00 |
| 9 | कान्छीशेर्पा | 2004123322331 | ८ | 351/236 | 96,000.00 |
| 11 | दिकीशेर्पा | 1994082600258 | ७ | 51287 | 144,000.00 |
| **जम्मा** | | | | | **1,008,000.00** |
| **प्राईम कमर्सियल बैक वडा ११** | | | | | |
| **क्र सं.** | **नाम थर** | **परिचय पत्र नं.** | **वडा नं.** | **ना.प्र.नं.** | **खातामा रहेको रकम** |
| 5 | चित्रकुमारी कार्की | 2010102800999 | 11 | 876951330 | 49,072.35 |
| 6 | सन्तु विरराई | 2004123304184 | 11 | 6274-26-201 | 49,873.40 |
| 7 | मिश्रीमायाबस्नेत | 2010111004138 | 11 | 645-1019-371 | 86,938.35 |
| **जम्मा** | | | | | **185884.10** |

## ६५ सामाजिक सुरक्षा शिक्षा

पारदर्शिता र जवाफदेहिताः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने साथै, सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन ।

अनुगमनः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मूल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन।

## ६६ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानुन बमोजिम आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक बर्षमा आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । अतः कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बु , सोलुदुधकुण्ड नगरपालिका , सोलुखुम्बु

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | कोपिला राइ | २०७९-५-१९ | २०८१-६-९ |
| कार्यालय प्रमुख | Tukti Sherpa | २०८१-८-९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | फुरी लामा | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १४,२३२ | १२१,८०० | ३७५,८६६ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ५११,८९८ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ३९०,०९८ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १२१,८०० |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ७७०६५६४२.५३ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४६४२९०३५१ | चालु खर्च | ३८७१९४०४८.४ |
| प्रदेश सरकारबाट अनुदान | २९२९४५०१ | पूँजीगत खर्च | २०९०२०२८१ |
| राजश्व बाँडफाँट | १३०१२५०५०.८५ | वित्तीय/अन्य व्यवस्था | १८७६३४०२९.३२ |
| आन्तरिक आय | १९५३३२९५.०६ | | |
| अन्य आय | १५५१५३७७६.७६ | | |
| कुल आय | ७९८३९६९७४.६७ | कुल खर्च | ७८३८४८३५८.७२ |
| बाँकी मौज्दात | | ९१६१४२५८.४८ | |

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

२. सोलुदुधकुण्ड नगरपालिकाको सुत्रको वित्तीय प्रतिवेदन(म ले प फा न २७०)

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ११,४६,३६,६९७.५० | ०.०० | ११,४६,३६,६९७.५० | १०,९३,२८,२९३.९२ | ०.०० | १०,९३,२८,२९३.९२ |
| १३००० | अनुदान | | ४६,०४,३९,२२२.७८ | ०.०० | ४६,०४,३९,२२२.७८ | ५०,३५,५५,०१७.३७ | ०.०० | ५०,३५,५५,०१७.३७ |
| १४००० | अन्य राजस्व | | ३,४८,०९,२३७.६२ | ०.०० | ३,४८,०९,२३७.६२ | १,६९,९०,२७८.०१ | ०.०० | १,६९,९०,२७८.०१ |
| १५००० | विविध प्राप्ति | | २,१४,४८४.०० | ०.०० | २,१४,४८४.०० | ०.०० | ०.०० | ०.०० |
| क | कुल जम्मा प्राप्ति | | ६१,००,९९,६४१.९० | | ६१,००,९९,६४१.९० | ६२,९८,७३,५८९.३० | | ६२,९८,७३,५८९.३० |
| ३ | चालु | | ३८,७१,९४,०४८.४० | ०.०० | ३८,७१,९४,०४८.४० | ४०,९५,०३,७०९.०९ | ०.०० | ४०,९५,०३,७०९.०९ |
| २१००० | पारिश्रमिक / सुविधा | | २६,६८,४६,५०४.५२ | ०.०० | २६,६८,४६,५०४.५२ | २७,६६,६१,५९६.३९ | ०.०० | २७,६६,६१,५९६.३९ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ११,४६,८६,५९३.८८ | ०.०० | ११,४६,८६,५९३.८८ | १३,०५,३३,३५०.७० | ०.०० | १३,०५,३३,३५०.७० |
| २६००० | अनुदान | | ३३,९०,६६०.०० | ०.०० | ३३,९०,६६०.०० | ०.०० | ०.०० | ०.०० |
| २८००० | अन्य खर्च | | २२,७०,२९०.०० | ०.०० | २२,७०,२९०.०० | २३,०८,७६२.०० | ०.०० | २३,०८,७६२.०० |
| ४ | पूंजीगत | | २०,९०,२०,२८१.०० | ०.०० | २०,९०,२०,२८१.०० | २१,९९,९५,७९३.०० | ०.०० | २१,९९,९५,७९३.०० |
| ३१११० | भवन तथा संरचना | | १,७४,१४,४१९.०० | ०.०० | १,७४,१४,४१९.०० | ७,४६,४१,८२७.०० | ०.०० | ७,४६,४१,८२७.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | १६,९२,०००.०० | ०.०० | १६,९२,०००.०० | २०,११,८३१.०० | ०.०० | २०,११,८३१.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ०.०० | ०.०० | ०.०० | १२,००,०००.०० | ०.०० | १२,००,०००.०० |
| ३११५० | सार्वजनिक निर्माण | | १८,६२,७८,३८७.०० | ०.०० | १८,६२,७८,३८७.०० | १३,४३,३८,६९९.०० | ०.०० | १३,४३,३८,६९९.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ३६,३५,४७५.०० | ०.०० | ३६,३५,४७५.०० | ३४,१०,४८५.०० | ०.०० | ३४,१०,४८५.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | ०.०० | ०.०० | ०.०० | ४३,९२,९५१.०० | ०.०० | ४३,९२,९५१.०० |
| ख) | कुल जम्मा भुक्तानी | | ५९,६२,१४,३२९.४० | | ५९,६२,१४,३२९.४० | ६२,९४,९९,५०२.०९ | | ६२,९४,९९,५०२.०९ |
| ग) | बचत /कमी (ग = क-ख ) | | १,३८,८५,३१२.५० | | १,३८,८५,३१२.५० | ३,७४,०८७.२१ | | ३,७४,०८७.२१ |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | ६,८०,३७६.६६ | | ६,८०,३७६.६६ | ९८,६१,५३६.०९ | | ९८,६१,५३६.०९ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | | (१४,०७३.२१) | | (१४,०७३.२१) |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | १,४५,६५,६८९.१६ | | १,४५,६५,६८९.१६ | १,०२,३५,६२३.३० | | १,०२,३५,६२३.३० |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ७,७०,६५,६४२.५३ | | ७,७०,६५,६४२.५३ | ६,६८,३०,०१९.२३ | | ६,६८,३०,०१९.२३ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ९,१६,३१,३३१.६९ | | ९,१६,३१,३३१.६९ | ७,७०,६५,६४२.५३ | | ७,७०,६५,६४२.५३ |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ ।
- सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अध्यावधिक गर्नुपर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।